का.जि.प्र.का.द.नं. १००/०५९/६०

१७ असोज २०८०,
बुधबार
4 October 2023,
Wednesday

मूल्य रु. ५/-

# मध्याह्न

राष्ट्रिय दैनिक



## नेपालगञ्जमा कर्फ्यू

# सद्भाव भड्कने पीर

मुलुकका विभिन्न ठाउँमा पछिल्लो समय जातीय र धार्मिक सद्भाव खलबलिने घटना भइरहेको बेला सरकार, प्रतिनिधि सभा सदस्यहरु र सरोकारवालाहरुले जातीय र धार्मिक सद्भावका लागि अपिल गरेका छन् ।



"विभिन्न जातजाति वा सम्प्रदायको बीचमा सुसम्बन्धमा खलल पुग्ने नगर्न नगराउनुहुन सबैमा हार्दिक अनुरोध गर्दछौं ।

**रेखा शर्मा**
प्रवक्ता, नेपाल सरकार

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ असोज

सरकारले जातीय र धार्मिक सद्भावमा खलल पुग्ने गतिविधि नगर्न आग्रह गरेको छ ।

मन्त्रिपरिषद्को मंगलबारको बैठकले जातीय र धार्मिक सद्भावमा खलल पुग्ने कार्य नगर्नरनगराउन आग्रह गरेको हो ।

मुलुकका विभिन्न ठाउँमा पछिल्लो समय जातीय र धार्मिक सद्भाव खलबलिने घटना भइरहेको बेला मन्त्रिपरिषद्को बैठकले उक्त आग्रह गरेको हो ।

विचार तथा अभिव्यक्ति स्वतन्त्रतालगायतका संविधानप्रदत्त मौलिक हकको सम्मान गर्दै सामाजिक सञ्जालको बढ्दो प्रयोगलाई सकारात्मक तथा मर्यादित बनाउने सन्दर्भमा सामाजिक सञ्जाल सञ्चालक र प्रयोगकर्ताले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभीमान वा राष्ट्रिय हित वा संघीय एकाईबीचको सुसम्बन्धमा ख्याल गर्नुपर्ने अपिल गरिएको छ । वर्गीय, जातीय, धार्मिक, क्षेत्रीय, साम्प्रदायिक र यस्तै पृष्ठ २ मा



२०७२ सालमा गोरखा केन्द्रबिन्दु भएर गएको ६.८ म्याग्निच्युडको भूकम्पपछि नेपालमा मंगलबार अर्को ठूलो भूकम्प गएको हो। ६ म्याग्निच्युड आसपासका एक भन्दा बढी पटक बझाङ केन्द्रबिन्दु भएर गएको यसपटकको भूकम्पबाट मानवीय क्षति नभएपनि आवासमा ठूला क्षति भएको छ।



## विवादास्पद धर्मगुरु श्रीनिवास पक्राउ

विवादास्पद धर्मगुरु आचार्य श्रीनिवास पक्राउ परेका छन् । विवादास्पद अभिव्यक्ति दिएको भिडियो सामाजिक सञ्जालमा भाइरल भएपछि प्रहरीले मंगलबार सुनसरीको चक्रघट्टीबाट पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रहरी नायव उपरीक्षक नविनकृष्ण भण्डारीले श्रीनिवासलाई नियन्त्रणमा लिएको बताए । श्री निवास यसअघि २०७६ सालमा आफैंलाई गोली हान्न लगाएको आरोपमा पक्राउ परेका थिए । जनकपुरमा गाई काट्नेलाई हत्या गरी आउनेको परिवारलाई लालनपालन र जेलमासमेत संरक्षण गर्ने अभिव्यक्ति दिएर विवादमा आएका उनलाई पृष्ठ २ मा

## पश्चिम नेपालमा शक्तिशाली भूकम्प

**देवराज पाध्यय/मध्यान्ह**
सुदूरपश्चिम, १६ असोज

बझाङ केन्द्रविन्दु भएर आज दिउँसो गएको भूकम्पको धक्काका कारण घर तथा संरचना भत्कँदा १३ जना घाइते भएका छन् ।

बझाङका प्रमुख जिल्ला अधिकारी नारायण पाण्डेले घाइतेलाई उपचारका लागि जिल्ला अस्पताल पुऱ्याइएको जानकारी दिए । उनले अहिलेसम्म मानवीय क्षति भएको जानकारी नआएको बताए । पाण्डेका अनुसार भूकम्पले पुऱ्याएको क्षतिको विस्तृत विवरण आउन बाँकी छ र घाइतेको अवस्था सामान्य रहेको छ ।

उनले भने 'बझाङ सदरमुकाम र आसपासमा केही घर चर्किएको र अन्य कतिपय घर भत्किएको जानकारी आएको छ, विस्तृत विवरण आउन बाँकी छ ।'

### एक बेपत्ता, ९ जना घाइते

प्रहरीका अनुसार भूकम्पसँगै आएको पहिरोमा परी एक जना महिला बेपत्ता भएकी छन् ।

भूकम्पका कारण जिल्लाका विभिन्न ठाउँमा गरी ९ जना घाइते भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

प्रहरी कार्यालयका प्रवक्ता दीपेश चौधरीका अनुसार जयपृथ्वी नगरपालिकामा ४ जना, मष्टा गाउँपालिकामा २ जना र केदारस्युँ खप्तडछान्ना र वित्थडचिर गाउँपालिकामा एक/एक जना गरी ९ जना घाइते भएका छन् ।

सदरमुकाम चैनपुरमा मोबाइल ग्यालरीको पसल सञ्चालनमा रहेको एकघर, निर्वाचन कार्यालयको भवनसहित कतिपय सरकारी तथा व्यक्तिगत घर चर्किएका छन् ।

बझाङ मष्टा गाउँपालिका १ नम्बर वडा कार्यालय भवन भत्किएको छ ।

भूकम्पको झड्का महसुस भएपछि बझाङ जिल्ला अस्पताल भवनको बाहिर राखेर बिरामीलाई उपचार सेवा दिइएको थियो ।

सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक भरतबहादुर बोहराले बैतडीमा विद्यालयबाट घरतर्फ गइरहेका एक व्यक्तिमाथि ढुंगा खसेको र वन क्षेत्रमा घाँस काटिरहेको अवस्थामा गएको पहिरोका कारण अर्का एक व्यक्ति घाइते भएको जानकारी दिए ।

उनले भने, 'घाइतेको अवस्था समान्य छ, मानवीय थप क्षति भएको जानकारी आइसकेको छैन ।'

प्रहरी नायब महानिरीक्षक बोहराले अछामको एक वडा कार्यालयको भवन भत्किएको जानकारी आएको बताए । डोटीमा पनि केही घर चर्किएका छन् । दिउँसो ३ बजेर ७ मिनेटमा भूकम्पको ठूलो धक्का महसुस गरिएको थियो । त्यसपछि पनि पटकपटक परकम्प गएको छ । धनगढीमा पनि भूकम्पको धक्का महसुस भएपछि घर तथा कार्यालयभित्र बसेका धेरै मानिस घर बाहिर निक्किएका थिए ।

धनगढी उपमहानगरपालिकाको स्थानीय आपत्कालीन पृष्ठ २ मा




## खोजियो सरकारको हस्तक्षेपकारी भूमिका



केही घटनाले बहुजातीय बहुसांस्कृतिक, बहुधार्मिक एकता भन्नेमा हाम्रो बहुमुल्य पुँजीवादले प्रहार गरे जस्तो लाग्दछ ।

**ईश्वरी देवी न्यौपाने**
सांसद, नेपाली कांग्रेस



सरकारलाई अनुरोध छ- हिंसाको घटनाहरु तुरुन्तै कन्ट्रोलमा ल्याउनुपऱ्यो । यो सबैको जड मोबाइल हो । साइबर क्राइम गर्नेलाई तुरुन्तै कारबाहीको दायरामा ल्याउनु पऱ्यो ।

**धवल शमशेर जबरा**
सांसद, राप्रपा

सांसदहरुले समाजिक सद्भावका लागि सरकारको भूमिका आवश्यक भएको बताएका छन् ।

मंगलबार प्रतिनिधि सभाको बैठकमा आकस्मिक समय, शून्य समय र विशेष समयमा बोल्दै सांसदहरुले जाती र धर्मका नाममा हुन खोजेका अवान्छित गतिविधि रोक्न सरकारको हस्तक्षेपकारी भूमिका खोजेका हुन् ।

नेपाली कांग्रेसकी सांसद इश्वरी देवी न्यौपानेले पुजीँवादका कारण नेपाली समाजको एकतामा प्रहार भएको बताइन् । 'केही घटनाले बहुजातीय बहुसांस्कृतिक, बहुधार्मिक एकता भन्नेमा हाम्रो बहुमुल्य पुँजीवादले प्रहार गरे जस्तो लाग्दछ' न्यौपानेले भनिन् । पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### केही समयमै वैदेशिक रोजगारका क्षेत्रमा धेरै सुधार हुन्छ : प्रधानमन्त्री प्रचण्ड

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ असोज

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले केही समयको अन्तरालमा वैदेशिक रोजगारको क्षेत्रमा देखिने गरी सुधार आउने बताएका छन् । पार्टी निकट वैदेशिक रोजगार व्यावसायी गणतान्त्रिक मञ्चले वैदेशिक रोजगारका क्षेत्रमा देखिएको समस्या समाधानका लागि मंगलबार पेश गरेको १० बुँदे सुझावसहितको मागपत्र बुझ्दै प्रधानमन्त्री दाहालले उक्त कुरा बताएका हुन् ।



प्रतिनिधि सभाका माओवादी सांसद लेखनाथ दाहालको नेतृत्वमा गएको मञ्चको टोलीमा कार्यवाहक अध्यक्ष परमेश्वर अधिकारी, महासचिव कुन्छा दोर्जे डिम्दोङलगायतको सहभागिता रहेको थियो । प्रधानमन्त्री दाहालले आफ्नो नेतृत्वको वर्तमान सरकार वैदेशिक रोजगार र वैदेशिक रोजगारीमा गएका कामदारप्रति अत्यन्तै संवेदनशील रहेकाले केही दिनअघि विभिन्न देशमा कार्यरत नेपाली राजदूतलाई बोलाएर समस्या समाधानको पहल भएको भन्दै समस्याको समाधान छिटो आउनेमा आफू विश्वस्त रहेको बताएको भेटमा सहभागी दिम्दोङले जानकारी दिए । पृष्ठ २ मा

#### श्रममन्त्री भण्डारी रोमानिया जाँदै

**काठमाडौं/मस-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी बुधबार रोमानियालगायत युरोपेली मुलुकको भ्रमणमा जाने भएका छन् । मन्त्रालयका सचिव केवल प्रसाद भण्डारीसहितको नेपाली टोलीले रोमानियासम्ग श्रम सम्झौता गर्ने तयारी छ ।

खाडी मुलुकहरूसँग श्रम सम्झौतामा जोड दिँदै आएको देखिएको नेपालले पछिल्ला दिनहरूमा पृष्ठ २ मा

## सुन तस्करी प्रकरण

# अनुसन्धानमा तानिए महरा

भेप प्रकरणको अनुसन्धान पनि अन्तिम चरणमा पुगेका बेला पूर्वसभामुख महरासँग सीआईबीले कागज गराएको हो । महराले सीआईबीसमक्ष आफ्नो दावासँग चिनजान भएको र रोकिएका सामान मिलेसम्म छुटाउन अनुरोध गरेको स्वीकार गरेका छन् ।



काठमाडौं/मस- सुन तस्करी प्रकरणको अनुसन्धानमा पूर्वसभामुख एवं माओवादी नेता कृष्णबहादुर महरा तानिएका छन् । विद्युतीय सिगरेट (भेप) मार्फत भएको ९ किलो सुन तस्करी प्रकरणमा प्रहरीले महरालाई बयान कागज गराएको हो ।

केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले महरासँग बयान कागज गराएको ब्यूरो स्रोतले अनलाइनखबरलाई बतायो । ब्यूरोले तस्कर समूहसँग सम्बन्ध देखिएको भन्दै १३ भदौमा महराका छोरा राहुललाई पक्राउ गरेको थियो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयमा नियमित जाँचका क्रममा २९ माघ २०७९ मा दुई वटा सुटकेशभित्र ७३ बट्टामा ७३० वटा भेप बरामद भएको थियो । गोदाममा राखिएका बेला त्यसमा सुन भएको थाहा पाएपछि भन्सारका पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com

१७ असोज २०८०, बुधबार
4 October 2023, Wednesday

# सीमापारी जाने नेपालीको लर्को



मध्यान्ह संवाददाता
नेपालगन्ज, १६ असोज

नेपाल भारतको नेपालगन्ज सिमानाबाट भारतीय बजार रुपइडिहा जानेको संख्या दिनहुँ बढ्दो छ । नेपालीहरुको ठूलो पर्व वडा दशैं र तिहार नजिकिँदै जाँदा यसरी भारतीय बजारमा किनमेल जाने नेपाली उपभोक्ताको संख्या अप्रत्याशित रुपमा बढेको हो ।

नेपालगन्ज उद्योग वाणिज्य संघले सोमबार मध्यान्ह १२ बजेदेखि दिउँसो एक बजेसम्म भन्सार सहजीकरण तथा सचेतना कार्यक्रम अन्तर्गत राखेको भारत जानेहरुको अभिलेख अनुसार एक घण्टाको अवधिमा एक हजार ५ सय ७२ पुरुष र एक हजार १ सय २२ महिला गरी दुई हजार ६ सय ९४ जना भारत प्रवेश गरेको तथ्यांक सार्वजनिक गरेको छ ।

संघका प्रथम उपाध्यक्ष चिरञ्जीवी ओलीका अनुसार दशैंको मुखमा भएकोले त्यो भन्दा धेरै संख्यामा भारतबाट नेपाल पनि आएका थिए ।

संघले भारतबाट आउने २७३ जनालाई 'भारतीय सीमावर्ती बजारमा किनमेल सर्वेक्षण-२०८०' प्रश्नावली भर्न लगाएको थियो । भारतबाट किनमेल गर्न आउने अधिकांशले चिनी, चामल, पिठो, मैदा, सुटका कपडा, तरकारी, मसलाजन्य खाद्य वस्तु लगायतका दुई दर्जन भन्दा बढी सामान खरिद गरेको पाइएको थियो । एक जनाले कम्तीमा ३ सय ४० रुपैयाँको पाँच किलो चिनीदेखि पाँच हजार रुपैयाँ भन्दा बढीको सामान खरिद गरेको सर्वेक्षणका क्रममा जानकारी दिएका थिए । एउटै व्यक्तिले ठूलो परिणाममा चिनी र चामल ओसारेको पाइएको थियो ।

संघका प्रवक्ता डम्बरबहादुर चन्दले दिएको जानकारी अनुसार कार्यक्रम सञ्चालन गर्दै गर्दा सोमबार दिउँसो २ बजेसम्म भन्सार कर्मचारीले एक सय रुपैयाँ भन्दा बढीको सामान ल्याउने ३ सय १४ जनालाई राजस्व तिर्न लगाएको थियो । जसबाट यो अवधिमा मात्र एक लाख ६४ हजार रुपैयाँको राजस्व संकलन भएको थियो । जुन अघिल्ला दिनमा हुने राजस्व संकलन भन्दा निकै धेरै हो । जबको अघिल्लो दिन अर्थात् असोज १४ गते दिनभर ५ सय ८६ जनाले राजस्व तिरेका थिए । जसबाट तीन लाख एक हजार ५ सय ६७ रुपैयाँको राजस्व संकलन भएको थियो ।

संघको उक्त कार्यक्रमको क्रममा जमुनाहा सीमा नाकादेखि भारतको रुपैडिया बजारसम्म नेपाली ग्राहकहरुको लर्को लागेको थियो । जसलाई नेपालगन्ज भन्सारमा संघले फिल्म देखाएको भनेर टिप्पणी गरेका थिए । १०० रुपैयाँ माथिको सामानको भन्सार तिर्नु पर्दा र नेपाल र भारतका सीमा नाकामा लामो समय चेकिङ्को रमिताको सास्ती हुँदा कतिपयले अब भारतीय बजारमा किनमेल गर्न नजाने बताएका थिए ।

### महानिर्देशकलाई ५ बुँदे ध्यानाकर्षण पत्र

यस्तै जमुनाहा भन्सार नाकामा उद्योग वाणिज्य संघले भन्सार सुधार्न विभागका महानिर्देशकलाई ५ बुँदे ध्यानाकर्षण पत्र पठाएको छ ।

भन्सारको नियम अनुसार १०० रुपैयाँ भन्दा माथिको सामान ल्याउँदा भन्सार तिर्नुपर्ने लगायत भन्सार क्षेत्र सुधार्न नेपालगन्ज उद्योग वाणिज्य संघको बाँकेको जमुनाहा भन्सार नाकामै कार्यसमितिको आकस्मिक बैठकको निर्णय अनुसार उक्त ५ बुँदे ध्यानाकर्षण पत्र पठाएको प्रवक्ता डम्बरबहादुर चन्दले बताए ।

संघका अध्यक्ष टंकबहादुर धामीले जमुनाहा नाकामा देखिएका समस्याहरु तत्काल समाधान गर्न बैठकको निर्णयलाई नेपालगन्ज भन्सारका अधिकृत पदमराज पन्त मार्फत भन्सार विभागका महानिर्देशकलाई पाँच बुँदे ध्यानाकर्षण पत्र हस्तान्तरण गरेका थिए ।

अध्यक्ष धामीले भने,'भन्सार क्षेत्रको सुधारका लागि हामी यहाँ भौतिक पूर्वाधार निर्माणदेखि नीतिगत र कानुनी रुपमा सुधारका लागि प्रधानमन्त्री र अर्थमन्त्रीलाई भेटेर समस्या समाधानका लागि पहल गर्नेछौं ।'

कार्यक्रममा नेपालगन्ज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष तथा केन्द्रीय सदस्य कृष्णप्रसाद श्रेष्ठ र नेपाल घरेलु तथा साना उद्योग महासंघ बाँकेका अध्यक्ष मधु खड्काले पनि भन्सार क्षेत्रमा देखिएका समस्या समाधान गर्न सरकारलाई ध्यानाकर्षण गरेका थिए ।

जमुनाहा भन्सार नाकामा संघले सोमवार आयोजना गरेको 'भन्सारमा सहजीकरण तथा सचेतना कार्यक्रम'का क्रममा बाँकेका उद्योगी व्यवसायीले एक घण्टा भन्सार क्षेत्रको अवलोकन भ्रमण गदा देखिएका कमी कमजोरी सुधार्न संघले कार्य समितिको आकस्मिक बैठक डाकेको प्रवक्ता चन्दले जानकारी दिए ।प्रवक्ता चन्दका अनुसार संघले पेश गरेको ध्यानाकर्षण पत्रमा सीमावर्ती रुपैडियामा भारतीय सीमा सुरक्षा बल (एसएसबी)ले जस्तै जमुनाहा नाकामा पनि भारत प्रवेश गर्दा र भारतबाट नेपाल आउँदा सबै यात्रीहरुलाई अनिवार्य रुपमा परिचय पत्रका चेकजाँच गर्ने व्यवस्था लागू गर्नुपर्ने, भारतबाट किनमेल गरेर आएका यात्रीको सामान राम्ररी चेकजाँच गरी जमुनाहा नाकाको यात्रु शाखाबाटै राजस्व संकलन गर्ने कार्यलाई प्रभावकारी बनाउनु पर्ने माग गरेको छ । त्यसैगर जमुनाहा मूल नाकामा जस्तै सीमा नाकाको मुस्किलले एक किलोमिटरको दुरीमा आधा दर्जन भन्दा बढी तस्करी गर्ने नाकाहरु रहेको उल्लेख गर्दै ती सबै स्थानमा तत्काल ब्यारियल नै राखेर सशस्त्र प्रहरी बलको अस्थाई पोस्ट राख्नुपर्ने र सीसीटिभी जडान गरेर कडा निगरानी गर्नुपर्ने संघको माग छ । जमुनाहा नाकामा २०७५-०७६ सालदेखि यात्रु शाखामा राखेको स्क्यानर मेसिन बिग्रिएर थन्किएको अवस्थामा छ । सबै सामानको स्क्यान गरेर मात्र पठाउन स्क्यानर मेसिन राख्नुपर्ने पनि माग गरिएको छ ।

त्यसैगरी खुला सीमा नाकाका कारण अवैध आयात निर्यात भइरहेको भन्दै सशस्त्र द्वन्द्वको समयमा बन्द गरिएका बाँकेका साइगाउँ, भङ्घोटना, खडैचा, उढरापुर, भगवानपुर, नरैनापुर र सुइँया बघौडामा छोटी भन्सार पुनः सञ्चालन गर्न पनि सरकारसँग माग गरेको छ ।

संघको भन्सार सहजीकरण तथा सचेतना कार्यक्रममा नेपाल घरेलु तथा साना उद्योग महासंघ बाँके, नेपालगन्ज भन्सार एजेन्ट संघ लगायत विभिन्न वस्तुगत संघसंस्थाको ठूलो सहभागिता रहेको थियो ।

# समाजवादको प्रत्याभूति गराउन अगाडि बढेका छौं: अध्यक्ष नेपाल




रामएकवाल राम/मध्यान्ह
सिरहा, १६ असोज

नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपालले आफ्नो पार्टी गरिब, गुरुवाको पार्टी रहेको बताएका छन् ।

असोज १४ गतेदेखि शुरु भएको 'मेची-महाकाली समाजवादी जागरण अभियान २०८०' अन्तर्गत मंगलबार सिरहाको भगवानपुर गाउँपालिका -१ स्थित भगवानपुर चोकमा आयोजित कार्यक्रममा अध्यक्ष नेपालले पुँजीवादी व्यवस्थाको अन्त्य र जनतालाई समाजवादको प्रत्याभूति गराउन एकीकृत समाजवादी पार्टी अगाडि बढिसकेको बताए ।

उनले अन्याय, अत्याचार, शोषण, दमन, सामन्तवाद, पुँजीवाद लगायत हरेक किसिमको प्रतिक्रियावाद विकासको बाधक तत्वहरुको सामना गर्दै जनतालाई समाजवादको प्रत्याभुती गराउने उदेश्यले अभियान सञ्चालन गरिएको बताए ।

अध्यक्ष नेपालले देशमा जनतालाई रोजगारी, किसानको भलाई, शिक्षा, स्वास्थ्यको अधिकार जनताको गाँसबाससहितको अधिकारको आवाज बुलन्द गर्ने आफ्ना पार्टी रहेको बताए ।

उनले सुशासन समृद्धि र रोजगारीसहित तराई मधेसको एक मात्र लाईफलाईन हुलाकी सडक अन्तर्गत सिरहा-धनुषा जोड्ने पुल भाँसिएको कुरा अवगत रहेको भन्दै पुनः निर्माण गरी सञ्चालनमा ल्याउन मञ्चबाटै सरकारको ध्यानाकर्षण गराए ।

कार्यक्रममा पार्टीका सम्मानित नेता झलनाथ खनाल,उपाध्यक्ष राजेन्द्र पाण्डे, उपाध्यक्ष धर्मनाथ साह, उपाध्यक्ष जयन्ती राई, महासचिव घनश्याम भुसाल, उप महासचिव जगरनाथ खतिवडा लगायतको उपस्थिति रहेको थियो ।

# भन्सार छलीको सामान बरामद



**रौतहट/मस-** रौतहटको विभिन्न सीमानाकाबाट अवैध रुपमा भन्सार छलेर भित्र्याइएको १२ लाख मूल्य बराबरको मालसामान बरामद गरिएको छ ।

लत्ताकपडा, खाद्यान्न, कष्मेटिक, इलेक्ट्रोनिक, सौफी मदिरा लगायतका ३ वटा मोटरसाइकल र तीन पाँग्रे अटोसहित १२ लाख बराबरको सरसामान प्रहरीले नियन्त्रणमा लिएको हो ।

रौतहट प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दामोदर केसीका अनुसार बरामद सामानसहित सवारी साधनहरुलाई आवश्यक कारबाहीका लागि गौर भन्सार कार्यालयमा बुझाइएको छ ।

# तराई मधेशमा देखाइने दुलदुल घोडाको नाच लोप हुँदै



सागर संगम ठाकुर/मध्यान्ह
रौतहट, १६ असोज

तराई मधेशका जिल्लाहरुमा देखाइने दुलदुल घोडाको नाच पछिल्लो केहि वर्षयता लोप हुँदै गएको छ । काठले बनाएको घोडालाई रंगीचङ्गी बनाएर कम्मरमा बाँधेर नाच्ने नाचलाई तराई मधेशका जिल्लाहरुमा दुलदुल घोडा भनिन्छ । तराईका भाँट समुदायले नाच्ने यो नाच पहिले पेशागत रुपमा नाचे पनि अहिले लोप हुने अवस्थामा पुगेको छ । नाचेर माग्ने भएकाले यो पेशा लोप हुन लागेको भारत बिहार घोडा सहनका फिरोज भाँटले बताए ।

बाउबाजेले गर्दै आएकोले आफुपनि यसमै लागेको तर छोराहरु विभिन्न काममा लागेकोले यो पेशा लोप हुने अवस्थामा पुगेको भाँटले बताए ।

घरघरमा पुगेर नाच देखाएर माग्ने भएकोले यो नाचलाई आफ्ना सन्ततीहरुले नाच्न छोड्न लागेको भाँटले बताए ।

एक दिनमा आफुहरु ३०/३५ किलो चामल मागेर जम्मा पार्ने गरेको भाँटले बताए । वर्षभरी अरु काम गरेपनि असोज, कात्तिक, मंसिर, पुस र माघ महिनामा आफुहरु नाच देखाएर नै कमाउने गरेको भाँटले बताए । तीन जनाको समूहमा रहेका भाँटहरुमा एक जना नाच्ने, एक जना मादल बजाउने र एक जनाले घर घरमा पुगेर धान, चामल र पैसा माग्ने गर्दछन् ।

पहिले-पहिले गाउँघरमा विभिन्न चुट्किला, गीत सुनाएर पैसा तथा चामल माग्ने भाँट समुदायको मुख्य पेशा नै थियो । आफ्नो पुर्खाहरुले गर्दै आएको पेशा लोप हुन लागेकोप्रति भाँट चिन्तित छन् । आफुहरुको चिनारीकै रुपमा रहेको यो नाचलाई जीवन्त राख्नका लागि आफुहरु वर्षभरी अरु काम गरेपनि समय समयमा नाँच, गीत तथा चुट्किलाहरु सुनाएर मानिसहरुलाई मनोरञ्जन गराउने गरेको भाँटको भनाइ छ ।

भाँटले जातिय पेशालाई जीवन्त राख्नका लागि आफ्ना सन्ततीहरुलाई सुझाव दिँदा यसबाट केही प्रगति नहुने भन्दै अन्य व्यवसाय तथा विभिन्न पेशामा लागेको बताए ।

धान भित्र्याउने मंसिर, पुसमा यो नाच बढी गाउँघरमा देखिने गरिन्छ । फुर्सदको समयमा घरमा बसेका किसानले आफ्नो स-सना बालबालिकालाई मनोरञ्जन तथा रमाउनका लागि कृत्रिम घोडामा राखेर रमाउने गर्छन् । जसबापत किसानहरुले चामल तथा शहरका व्यक्तिहरुले पैसा दिने गर्छन् । बालबालिका पनि घोडा बसेर रमाउने गर्दछन् ।

कृत्रिम घोडामा बसाएका उनीहरुलाई केही समयका लागि वास्तविक घोडामा नै बसेको भान हुने गर्दछ । बालबालिकालाई खेलाउन तथा मनोरञ्जन गराउनका मादलको सुरमा घोडा बनेका मानिसले गाउने तथा नाच्ने गर्दछन् ।

## धार्मिक...

अरु कुनै आधारमा घृणा, द्वेष वा अवहेलना हुने कुनै काम कारबाही नगर्न नगराउन एवं विभिन्न जात, जाति वा सम्प्रदायबिचको सुसम्बन्धमा खलल पुग्ने गतिविधि गर्न सम्बन्धित सबैमा नेपाल सरकार हार्दिक अनुरोध गरिएको छ ।

सामाजिक सञ्जाल प्रयोग गर्दा आधारहीन सूचना राख्नबाट बच्न पनि सरकारले सचेत गराएको छ ।

'सामाजिक सञ्जाल प्रयोग गर्दा आधारहिन कुरा राख्ने, व्यक्तिको प्रतिष्ठा, आत्मसम्मान, गोपनीयता तथा चरित्रमा आघात पुऱ्याउने, जातीय भेद्भाव, छुवाछूतलाई दुरुत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, अपराध दुरुत्साहन गर्ने, शान्ति सुरक्षा भंग हुने कार्यलाई बढावा नदिन भनिएको छ ।

प्रचलित कानुनबमोजिम प्रकाशन वा प्रसारण गर्न रोक लगाएका कुरा प्रसारण वा सम्प्रेषण गर्ने वा सार्वजनिक सदाचार र नैतिकताको प्रतिकूल हुने सामग्री प्रकाशन वा प्रसारणजस्ता कार्य नगर्न नगराउन समेत नेपाल सरकार हार्दिक अपिल गर्दछ' मन्त्रिपरिषद्को निर्णयमा भनिएको छ ।

सञ्चारमन्त्री रेखा शर्माले भनिन्, 'विभिन्न जातजाति वा सम्प्रदायको बीचमा सुसम्बन्धमा खलल पुग्ने नगर्न नगराउनुहुन सबैमा हार्दिक अनुरोध गर्दछौं ।'

साथै सामाजिक सञ्जाल प्रयोग गर्दा आधारहीन वा व्यक्तिको प्रतिष्ठा वा गोपनीयतामा आघात पुर्याउने काम नगर्न पनि अनुरोध गरेको छ ।

## विवादास्पद...

यसपटक सुनसरी प्रहरीले पक्राउ गरेको हो ।

सुनसरीको बराहक्षेत्र नगरपालिकाको चक्रघट्टी क्षेत्रबाट धर्मगुरु श्रीनिवासलाई पक्राउ गरी इनरुवा लगिएको छ । धरानलगायतका स्थानमा गाई काटेर भोज खाएको भिडियो सार्वजनिक भएपछि उनले हिन्दू धर्म र गाईको रक्षाको आवाज उठाउँदै आएका थिए । गाईको रक्षा र गाई काट्नेलाई त्यसैगरी मान्छे काट्न निर्देशन दिएर सामाजिक सद्भाव भड्काउन खोजेको आरोपमा प्रहरीले श्रीनिवासलाई पक्राउ गरेको हो ।

केही विवादास्पद् अभिव्यक्ति दिएका कारण उनलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सुनसरीका डीएसपी नबिनकृष्ण भण्डारीले बताए। उनले श्रीनिवासलाई केही कुरा सोधपुछ गर्नका लागि नियन्त्रणमा लिएको बताए ।

श्रीनिवास बिराटनगरमा आफैंले गोली हान्न लगाएर विवादमा आएका धर्म गुरु हुन उनलाई यसअघि प्रहरीले पक्राउ गरी मुद्दा चलाएर जिल्ला अदालत मोरङले धरौटीमा छुटेपछि झन विवादास्पद क्रियाकलाप गर्दै आएका छन् ।

## खोजियो...

विविधततामा रहेको एकतामा दरार ल्याउने प्रयास गम्भीर विषय भएको उल्लेख गर्दै उनले बेलैमा ध्यान नपुगे गम्भीर दुर्घटना निम्तिन सक्ने भन्दै सरकारको ध्यानाकर्षण गरिन् ।

नेकपा एमालेकी सांसद अमृतदेवी अग्रहरीले देशमा सरकार छ वा छैन भन्ने अवस्था रहेको बताइन् ।

कांग्रेसकी सांसद अम्बिका बस्नेतले पनि समाजमा विभाजन देखा परेको भन्दै सरकारको ध्यानाकर्षण गरिन् ।

'धर्मका नाममा, जातीका नाममा समाज विभाजित भइराखेको छ' उनले थपिन्, 'देश डरलाग्दो अवस्थामा गएको महसुस हुन्छ ।'

एमालेका सांसद इश्वरप्रसाद रिजालले सरकारले सामाजिक सद्भाव कायम गराउने गरी भूमिका खेल्नुपर्ने बताए ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसद धवल शमशेर जबरा सामाजिक संजालमार्फत सद्भावमा खलल पुर्‍याउने प्रया भइरहेको भन्दै नियन्त्रणका लागि सरकारको ध्यानाकर्षण गरे । साइबर क्राइमलाई प्रभावकारी रुपमा कारबाहीको दायरामा ल्याउन उनको माग छ ।

उनले भनेका छन्, 'सरकारलाई अनुरोध छ- हिंसाको घटनाहरु तुरुन्तै कन्ट्रोलमा ल्याउनुपर्‍यो । यो सबैको जड मोबाइल हो । साइबर क्राइमलाई तुरुन्तै कारबाहीको दायरामा ल्याउनु पर्‍यो ।' समाजिक सद्भावका साथ आफ्ना विषय राख्न पनि उनको अपिल छ ।

स्थानीय प्रशासनले सामाजिक र धार्मिक सदभाव भड्किने संकेत देखिएको भन्दै बाँकेको नेपालगञ्जमा कर्फ्यु लगाएको छ । कर्फ्यु जारी भएको उल्लेख गर्दै उनले भनेका छन्, 'सद्भावको शहरमा असान्ति नफैलाउन नेपालगञ्जबासीहरुलाई अनुरोध गर्दछु ।'

## पश्चिम...

सञ्चालन केन्द्रले सूचना सार्वजनिक गर्दै भूकम्पको थप परकम्प आउनसक्ने भएकाले नागरिकलाई सुरक्षित रहन सचेत गराएको छ । सुर्खेतस्थित भूकम्प मापन केन्द्रले चैनपुर केन्द्रविन्दु भएर छ दशमलव तीन र तलकोट केन्द्रविन्दु भएर पाँच दशमलव तीन रेक्टर स्केलको भूकम्प गएको जानकारी दिएको छ ।

## केही...

मञ्चले वैदेशिक रोजगार व्यवसायको समसामयिक सुधार र खाडी मुलुकमा घरेलु महिला कामदारको प्रतिबन्ध फुकुवा सम्बन्धमा प्रधानमन्त्री कार्यालयमा मंगलबार छुट्टाछुट्टै ज्ञापनपत्र बुझाउँदै ध्यानाकर्षण गराएको हो । वैदेशिक रोजगार व्यवसायमा लामो समयदेखि रहेका बविविध प्रकारका विसंगति, विकृति, सिण्डिकेट र एकाधिकार हटाउनुपर्ने भन्दै मञ्चले युरोपसहितका मुलुकबाट नेपाली कामदारको मागपत्र प्रमाणीकरण भइ समयमै नआउँदा नेपाली कामदारको आकर्षक तलब तथा सुविधासहितको रोजगारको अवसर गुमिरहेकाले यस विषयमा सकेसम्म छिटो उचित निकास दिन माग गरेको छ ।

मञ्चले व्यवसायीले वैदेशिक रोजगारमा नेपाली कामदार पठाएबापत विश्वव्यापी प्रचलन र छिमेकी मुलुकसमेतको अभ्यासको आधारमा कामदारले पाउने एक महिनाको तलब बराबरको रकम बजार प्रवर्द्धन खर्चका लागि लिने वैधानिक व्यवस्था गरिदिन पनि माग गरेको छ ।

म्यानपावर कम्पनीले इजाजतपत्र लिँदा नगद र बैंक ग्यारेण्टीका लागि २ करोडदेखि ६ करोडसम्म गरी करिब १८ अर्ब रुपैयाँ राज्यकोषमा धरौटी राखेको बताउँदै मञ्चले नेपालमा इजाजतपत्र दिँदा व्यवसायीबाट लिने धरौटी रकम अत्यधिक देखिएकाले धरौटीसम्बन्धी व्यवस्थालाई पुनःमूल्यांकन गरी नगद धरौटीको सट्टा बैंक ग्यारेण्टीको मात्र व्यवस्था गर्नु उचित हुने बताएको छ । व्यवसायीले ऋण लगानीमा इजाजतपत्रका लागि नगद धरौटी र बैंक ग्यारेन्टी राखेकाले त्यसको ब्याज व्यवसायीले पाउने व्यवस्था गर्न पनि प्रधानमन्त्री दाहालको ध्यानाकर्षण गराएको मञ्चका महासचिव दिमदोडले मध्यान्हलाई जानकारी दिए ।

मञ्चले वार्षिक एक सय जना कामदार पठाउनै पर्ने बाध्यतादेखि एकाघर परिवारले वैदेशिक रोजगारसम्बन्धी अन्य कम्पनी सञ्चालन गर्न नपाउने, एकभन्दा बढी इजाजत नपाउनेजस्ता व्यवस्था विभेदयुक्त र बाध्यकारी भएकोले ती व्यवस्था खारेज गरिनुपर्ने, वैदेशिक रोजगारमा जाने कामदारको राहदानी सकेसम्म निःशुल्क गरी स्वदेश फर्केपछि विदेशमा सिकेको सीप, ज्ञान र आर्जित रकमको उचित प्रतिफलयुक्त क्षेत्रमा लगानीको सुनिश्चित गरिनुपर्ने तथा संसदमा हाल संशोधन प्रक्रियामा रहेको वैदेशिक रोजगार ऐनको दफा ५३ पारित भएमा म्यानपावर कम्पनीहरुले बिनाकारण ठूलो रकम जरिवाना तिर्नुपर्ने भएकाले पुरानो व्यवस्था यथावत राखिनुपर्ने माग पनि राखेको छ ।

त्यसैगरी मञ्चले बन्द गरेको ८ वर्षसम्म प्रमुख गन्तव्य देशहरूसँग घरेलु कामदार पठाउनेसम्बन्धी कुनै सम्झौता वा समझदारी नगर्दा कुवेत, ओमान, यूएई, कतार, बहराइनलगायत खाडीका देशहरुमा नेपाली महिलाहरु त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट मात्रै नभइ भारत, श्रीलंका, म्यानमारको अवैध बाटो हुँदै सेटिङबाट दैनिक भिजिट तथा अन्य भिसामा गैरकानूनीरुपमा गइरहेको र त्यसमध्ये धेरै यूएईको दुबई ट्रान्जिट भएर जोखिमयुक्त मानिने इराक, सिरिया, कुर्दिस्तानलगायत अन्य मुलुकहरुमा घरेलु कामका लागि गएकाले वैदेशिक रोजगारमा जाने घरेलु कामदारको श्रम स्वीकृति प्रतिबन्ध फुकुवा गर्न पनि माग गरेको छ ।

नेपाल सरकारले २०७१ जेठदेखि वैदेशिक रोजगारीमा जाने घरेलु महिला कामदारको व्यक्तिगत र २०७३ चैत्र २२ गते व्यक्तिगत एवम् संस्थागत श्रम स्वीकृति रोकेको थियो । मञ्चले प्रतिबन्धको ८ वर्षसम्म प्रमुख गन्तय देशहरसँग घरेलु कामदार पठाउनेसबन्धी कुनै सम्झौता वा समझदारी नगरिँदा घरेलु कामका लागि महिलाहरु तस्करी भइरहेकाले वैदेशिक रोजगारमा जाने घरेलु महिला कामदारको तस्करी रोक्न पनि प्रतिबन्ध फुकुवा गरी वैधानिक बाटो खुला गर्न जरुरी रहेको ध्यानाकर्षण पत्रमा उल्लेख गरेको छ । मञ्चले महिला घरेलु कामदारको श्रम स्वीकृति खुला गर्दा त्यसले नेपाली महिलाको संवैधानिक समानता र रोजगारीको अधिकारको सम्मान हुने जिकिर गरेको छ ।

## श्रममन्त्री...

बेलायत, जर्मनी र रोमेनियासहित युरोपेली देशका सरकारसँग श्रम सम्झौताका लागि पहल गरिरहेको मन्त्रालयका अधिकारीहरूले बताएका छन् ।

## सुन ...

नायब सुब्बा समेतको मिलेमतोमा भेप साटफेर गरेर ९ किलो सुन विक्री गरिएको बिक्री गरिएको खुलेको थियो ।

प्रकरणमा अनुसन्धान गरेर सीआईबीले २७ असार २०८० मा जिल्ला अदालत, काठमाडौंमा आपराधिक विश्वासघात र संगठित अपराधको कसूरमा अभियोग पत्र दायर गरेको थियो । त्यसमा कृष्णबहादुर महरा र उनका छोरा राहुलको नाम समेत उल्लेख भएपछि उनीहरुमाथि अनुसन्धान गर्न दबाब बढेको थियो ।

चौतफी दबावपछि सीआईबीले राहुललाई पक्राउ गरेर सुन तस्करीबारे फेरि अनुसन्धान थालेको थियो ।

सीआईबीले महाराजगञ्जस्थित कार्यालयमा बोलाएर महरासँग भेप प्रकरणमा केरकार गरेको हो । २०७९ पुस १० मा दुबईबाट चिनियाँ गिरोहले भेपमा लुकाएर ९ केजी सुन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै भित्र्याएको थियो ।

महराको परिवारसँग निकट चिनियाँ तस्करीका नाइके दावाजिन वाङको योजनामा भित्र्याइएको सुन लुकाइएको भेप विमानस्थल भन्सारले नियन्त्रणमा लिएको थियो । त्यसपछि सामान छुटाउन महरा र उनका छोरा राहुलसहितको समूहले भन्सार प्रशासनलाई पटक-पटक दबाब दिएको थियो । भेप भन्सारकै नियन्त्रणमा रहेका बेला कर्मचारी र भन्सार एजेन्टसहितको योजनामा गोदामबाटै चोरी भयो ।

त्यसपछि भन्सार कार्यालयले थप अनुसन्धान गर्न सीआईबीलाई जिम्मा दिएकोमा पहिलो चरणमा सुन चोरीमा मात्रै मुद्दा गएको थियो । चोरीको अनुसन्धानका क्रममा महरा र उनका छोरा राहुलसहितका व्यक्ति चोरी हुनुअगावै सुन छुटाउन भन्सारलाई दबाब दिनेदेखि सुन ल्याउने तस्करसँग पटक-पटक सम्पर्कमा रहेको खुलेको थियो । त्यसको अहिले सीआईबीमा अनुसन्धान जारी छ । अनुसन्धानका क्रममा राहुल पक्राउ परिसकेका छन् भने चिनियाँ तस्करसँग निकट रहेको खुलेपछि महरा पनि अनुसन्धानमा तानिएका हुन् । तर, सीआईबीले उनलाई भने पक्राउ नगरी बयान कागज मात्रै गराइएको हो ।

सीआईबीका एक अधिकारीले चिनियाँ तस्करसँग फोन सम्पर्क गरेको देखिएपछि सोधपुछका लागि महरालाई बोलाइएको बताए ।

६१ केजी सुन प्रकरणमा पनि दावाजिनको संलग्नता खुलेको थियो । ६१ केजी प्रकरण र त्यसको अनुसन्धानका आधारमा साढे ३ अर्ब रुपैयाँ बिगो कायम गरेर दायर गरिएको मुद्दामा पनि दावा फरार छन् । ६१ केजी प्रकरणमा माओवादीका केही शीर्ष नेतासँग निकट रहेका दावा छिरिङसहितका ९ विदेशीसहितलाई प्रतिवादी बनाएर यसअघि संगठित अपराधसहितका ७ वटा कसुरमा जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर भइसकेको छ ।

भेप प्रकरणको अनुसन्धान पनि अन्तिम चरणमा पुगेका बेला पूर्वसभामुख महरासँग सीआईबीले कागज गराएको हो । महराले सीआईबीसमक्ष आफ्नो दावाजिनसँग चिनजान भएको र रोकिएका सामान मिलेसम्म छुटाउन अनुरोध गरेको स्वीकार गरेका छन् ।

भेपमा सुन ल्याएको विषय आफूलाई थाहा नभएको र विधिवत आएको सामान रोकियो भनेपछि त्यसलाई छुटाउन मात्रै पहल गरेको उनले जिकिर गरेका छन् । तर, दावाजिनसहितका तस्करको योजनामा भेपमा ९ केजी सुन भित्रिएको थियो । भेपको सुन छुटाउने क्रममा महरा र उनका छोरा राहुलले चिनियाँ तस्करसँग मात्रै २ सय ५६ पटक टेलिफोन सम्पर्क गरेको अनुसन्धानबाट खुलिसकेको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०२१ बमोजिम मिति २०७३/०९/२५ मा दर्ता भएको **प्रा.लि. नं. १६१५६०/०७२/०७३** को **न्यू भिजन ईन्जिनियरिङग कन्सल्टयान्ट एण्ड कन्स्टक्सन प्रा.लि.** को मिति २०८०/०६/०५ गतेको एकल शेयरधनीको विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः अधिवक्ता संजय कुमार साह, ईजाजत प्र.प.नं. ३९१**
**त्रिपुरेश्वर, काडमाडौं, सम्पर्क नं. ९८४१४४९३३८**

# दशैंको साइत सार्वजनिक, टीकाको शुभसाइत बिहान ११ बजेर २ मिनेटमा

मध्यान्ह संवाददाता
काठमाडौं, २१ असोज



नेपाल पञ्चाङ्ग निर्णायक समितिले यस वर्षको दशैंको साइत सार्वजनिक गरेको छ । असोज २८ गते आइबार बिहान ११:२९ बजे घटस्थापनाको साइत रहेको समितिले जनाएको छ।

घटस्थापनाका दिन चित्रा नक्षत्र र वैधृति योग परेकाले ११:२९ बजेअघि चित्रा नक्षत्र र वैधृति योगको शान्ति गरेर घटस्थापना गर्नुपर्छ । असोज २९ गते सोमबार झण्डा फेर्ने साइत १०:१९ बजे रहेको छ । पश्चिम फर्केर झण्डा फेर्नुपर्नेछ। कात्तिक २ गते बिहीबार पचली भैरव यात्रा गरिन्छ ।

कात्तिक ४ गते शनिबार फूलपाती परेको छ। फूलपातीकै दिन तुलजा भवानीलाई मूल मन्दिरबाट हनुमानढोकाको मूल चोकमा यात्रा गराइन्छ । मूलचोकमै भवानीलाई साक्षी राखेर महाअष्टमीका दिन राति कालरात्रि पूजासहित राज्यकोतर्फबाट बोका र राँगाको बलि दिइन्छ। तुलजा भवानी यात्राको साइत बिहान ८:२४ बजे रहेको छ । तुलजा भवानीलाई बिहान ९:३५ बजे स्थिरासन गराइन्छ । कात्तिक ५ गते आइतबार महाअष्टमी, त्यसै राति कालरात्रिको पूजा गर्नुपर्ने समितिले जनाएको छ। कात्तिक ६ गते सोमबार महानवमी पर्व मनाइन्छ ।

कात्तिक ७ गते मंगलबार विजयादशमी पर्व परेको छ। घटस्थापनाका दिनदेखि पूजा आराधना गरिने देवीलाई बिहान १०:३७ बजे विसर्जन गरिने साइत छ। विजयादशमीका दिन साइत खोजेर टीका लगाउनेका लागि बिहान ११:२ बजेको साइत शुभ रहेको छ । टीका लगाउने मानिस पश्चिम मोहडा फर्किनुपर्ने समितिले जनाएको छ । त्यस दिनदेखि कोजाग्रत पूर्णिमासम्म दुर्गा भवानीको प्रसाद लगाउन सकिन्छ ।

विजयादशमीका दिन बिहान ९:२ बजे तुलजा भवानीलाई मूल चोकबाट मूल मन्दिरमा फिर्ती यात्रा गराइने साइत छ । तुलजा भवानीलाई बिहान १०:३ बजे स्थिरासन गराइने साइत पनि समितिले निकालेको छ । खड्गयात्रा पनि यसै दिन गरिनेछ। यस्तै कार्तिक १० गते शुक्रबार अखिल बलि पूर्ति गरिन्छ । त्यसै रात कात्तिक ११ गते शनिबार कोजाग्रत पूर्णिमा पर्व मनाइन्छ ।

# नगर प्रमुखको निष्क्रियताले विद्यालयको अवस्था लथालिंग

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, १६ असोज




मुलुकमा संघीयता आएपछि सबै क्षेत्रको विकास हुने भनी विश्वास गरिएपनि संघीयताको मर्म भावना अनुसार निर्वाचित जनप्रतिनिधिहरुले भने काम गर्न सकेका छैनन् ।

नेपालको संविधानले परिकल्पना अनुसार गाउँ-गाउँमा सिंहदरबार आएको भएपनि जनप्रतिनिधिको रवैयाका कारण नेपाली जनता सिंहदरवारको अनुभूति गर्न सकेका छैनन् । स्थानीय तहका निर्वाचित जनप्रतिनिधिले शिक्षा, स्वास्थ्य, कृषि, सामाजिक क्षेत्रको विकास गर्ने भनी प्रतिवद्धता गरेपनि सो अनुसारको काम रौतहटमा देखिएको छैन । शिक्षाको अवस्था दिनदिनै खस्किँदै गएको छ। विद्यालयको पूर्वाधारप्रति स्थानीय तहले खासै लगानी गर्नेतर्फ चासो देखाएको छैनन् ।

संघीयतापछि भएको पहिलो स्थानीय तहको निर्वाचनको अवधिदेखि लिएर दोस्रो पटक भएको निर्वाचनबाट निर्वाचित भएका जनप्रतिनिधिको अवधि डेढ वर्ष बितिसक्दा पनि अधिकांश विद्यालयको अवस्था दयनीय नै रहेको छ। जिल्लाको इशनाथ नगरपालिका वडा नं.३ औरैयामा रहेको श्री महावीर प्राथमिक विद्यालयको अवस्था निकै दयनीय रहेको छ

२०५१ सालमा स्थापना भएको उक्त विद्यालयको भौतिक पूर्वाधारको अवस्थामा खासै सुधार भएको देखिँदैन । जस्ताको ६ वटा कोठा र ३ वटा ब्लक भएको सो विद्यालय रजिष्टारमा दर्ता भए अनुसार २ सय ५० जना विद्यार्थी रहेका विद्यालयका प्राध्यानध्यापक राम आधार सहनीले बताए । शिक्षकको अभाव र कक्षा कोठाको अभावको कारण बहु कक्षा सञ्चालन गर्नुपर्ने बाध्यता रहेको उनले दुःख पोखे । प्राध्यानध्यापक सहनीले २ जना स्थायी, १ जना बाल विकास र १ जना राहत शिक्षकले जेनतेन गरी विद्यालय सञ्चालन गर्दै आएको सुनाए। २ वटा कोठा भएको एउटा ब्लक प्रयोग विहीन अवस्थामा रहेको बताउँदै उनले ३ वटा कोठामा कक्षा सञ्चालन गर्नुपर्ने बाध्यता रहेको बताए ।

तत्कालीन नगरप्रमुख सन्तोष मेहताको पालामा पनि विद्यालयको मर्मत सम्भार लागि ताकेता गरेको र वर्तमान नगर प्रमुख कौशल्या देवी सिन्हालाई पनि बजेट व्यवस्थापन गर्न आग्रह गर्दा पनि कुनै चासो नदेखाएको टिप्पणी गरे । विद्यालयमा कम्पाउण्ड वाल नभएकोले स्थानीय बाल बालिकाले भएको संरचना पनि भत्काउने गरेको हुँदा कम्पाउण्ड वाल अपरिहार्य रहेको बताए। शौचालय पनि प्रयोग विहीन अवस्थामा देखिएको हुँदा शिक्षक विद्यार्थीलाइ खुला रुपमा शौच गर्नुपर्ने बाध्यता रहेको छ ।

विद्यालयको मैदानमा माटोले पुर्नुपर्ने जरुरी रहेको छ । उनले खाल्डो भएकोले नालाको फोहर पनि विद्यालयको हाताभित्र प्रवेश गर्ने गरेकोले विद्यार्थी तथा शिक्षक कर्मचारीलाई आउन जान अप्ठ्यारो हुने गरेको छ । बेन्च डेस्क नहुँदा विद्यार्थीलाई भुईंमा बसाएर अध्ययन गराउनु परिरहेको बताए । प्राध्यानध्यापक सहनीले नगर पालिकाले समयमा खाजाको रकम भुक्तानी नदिँदा उधारोमा ल्याएर खाजा खुवाउनु परेको गुनासो गरे। अपुग रहेको शिक्षकको लागि नगरपालिकालाई आग्रह गर्दा पनि अहिलेसम्म शिक्षकको व्यवस्था गर्न नसकेको उनले बताए ।

## घुस लिएको अभियोगमा महतोविरुद्ध मुद्दा दायर



काठमाडौं/मस- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले घुस लिएको अभियोगमा नेपाल विद्युत् प्राधिकरण इनरुवा वितरण केन्द्रका कार्यरत फोरमेन विर्जुकुमार महतोविरुद्ध मंगलबार विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगका प्रवक्ता भोला दाहालका अनुसार एक उद्योगमा विद्युत्को क्षमतामा वृद्धि गरिदिए वापत महतोलाई सेवाग्राहीसँग रु २५ हजार घुस माग गरिरहेको अवस्थामा गत भदौ १९ गते पक्राउ गरिएको थियो। आयोगका अनुसार आरोपी महतोलाई बिगो बमोजिम कारवाहीको माग गरिएको छ ।


**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०३/१३ मा दर्ता कायम भएका **कर्मा स्टोर प्रा.लि. (प्रा.लि. नं. १७२६०९)** लाई खारेजी लिक्वीटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८०/०६/१६ गतेमा सम्पन्न संचालक समितिको निर्णय बमोजिम यस कम्पनीले तिर्न बेहोर्न पर्ने ऋण, धन, एवं कोही कसैको बाकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरका कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटर: रोशन कुमार बजिमय,** **ईजाजत प्र.प.नं. ३३१**
**ठेगाना: त्रिपुरेश्वर, काठमाडौं** **मोवाईल नं. ९८४१३६९७७१**

**घरेलु कामदारको ३५ दिने तालिमसम्बन्धी सूचना**

**नेपाल सरकारबाट अनुमति प्राप्त यस संस्थामा जोर्डन मुलुकमा घरेलु कामदारको रुपमा काम गर्न जान चाहने महिलाहरुको लागि पैंतीस दिने घरेलु कामदार सम्बन्धी तालीम संचालन हुन गई रहेको हुँदा ईच्छुक महिलाले सात दिनभित्र सम्पर्क गर्नुहोला ।**

**फारवेष्ट मल्टिपल ट्रेनिङ सेन्टर**
**तिनकुने - ३२, काठमाडौं**
**फोन : ०१ ४१११६४६**

**कुवेतमा रोजगारको अवसर** | **कम्पनी**: BYALAT KARAK RESTAURANT COMPANY
**शहर**: KUWAIT

**पूर्व स्वीकृत मिति: २०७९/०९/०३** **चलानी नं.: ६०१९३४५७** L.T. No: 277875 **पुनः विज्ञापन**

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | KD | ने. रु. | | | | | | | |
| 1. | Waiter / Cleaner / Kitchen Helper | 2 | 0 | स. काममा दक्ष | 130 | ५५,७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २४ गते** (11 October 2023) **मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov Lisence No: 283/058/059
Fusion International Pvt Ltd
Panchakumari Marga, New Baneshwor, Kathmandu, Nepal
Tel 01-4465326 | Email: info@fusionintlpvt.com
Website:www.fusionintlpvt.com
Mobile: 9803495710/9803143182/9810169842/9818677214/9863183323

**कतारमा रोजगार** | **कम्पनी**: QBS CONSTRUCTION
**शहर**: QATAR

**पुर्व स्वीकृत मिति: २०७९/१२/२३** **चलानी नं.: ६०१९९५७३** L.T. No.: 284191 **पुनः विज्ञापन**

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | QR | ने. रु. | | | | | | | |
| 1. | LABOUR | 50 | 0 | स. काममा दक्ष | 1000 | ३६,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी: QATAR INTERNATIONAL CLEANING TRADING & CONTRACTING CO. (QAMAC) L.L.C.** **शहर: Doha**
**पुर्व स्वीकृत मिति: २०८०/०६/१६** **चलानी नं.: ६०२०८६१९** L.T. No.: 293426

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | QR | ने. रु. | | | | | | | |
| 1. | General Clean Worker | 3 | 7 | स. काममा दक्ष | 1000 | ३६,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २४ गते** (11 October 2023) **मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

QATAR INTERNATIONAL MANPOWER PVT. LTD.
2022
Gov. Lic. No. 1578/079/80
Tokha-05, Basundhara, Kathmandu
Ph. No.: 01-5914971
Mobile : 9851349039
E-mail: info@qim.com.np


## Sahidbhumi Rural Municipality
## Office of the Rural Municipal Executive
Piple, Dhankuta
Koshi Province, Nepal

### Invitation For E-Bid for the following construction works as specified below

**First Date of publication: 2080/06/17**

1. Sahidbhumi Rural Municipality Office of the Rural Municipal Executive, Piple, Dhankuta, invites Electronic Bids from eligible bidders for the procurement of the following works.
2. All other information and BID document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit Bids as per instructions within the mentioned period.

| S. N. | Name of Project | Contract ID | Total Cost Exclusive. VAT | Cost of the Bid Document | Method | Bid Security | Last Submission Date |
|---|---|---|---|---|---|---|---|
| 1 | Sukeahal-Pokla-Hangkha-Thalthale Road Upgrading Works | 02-SAHIDBHUMI /ROAD/80/81 | NRs. 1,06,37,123.30 | Rs. 3,000.00 | NCB | Rs. 2,60,000 | 03 Nov 2023 (12:00 pm) |
| 2 | Construction of Health Post | 03-SAHIDBHUMI /HP/80/81 | NRs. 8,743,080.83 | Rs. 3,000.00 | NCB | Rs. 2,00,000 | 03 Nov 2023 (12:00 pm) |

**Information to deposit cost of bidding document**

**Name of bank : Citizens Bank International Ltd.,**
**Name of office : Sahidbhumi Rural Municipality Office of the Rural Municipal Executive, Piple, Dhankuta**
**Office account no. : 0740100000001202 SAHIDBHUMI GA.PA. ANTARIK RAJASWO KHAATA**

3. Electronic bids must be submitted to the office of Sahidbhumi Rural Municipality, Office of the Rural Municipal Executive, Piple, Dhankuta through PPMO website www.bolpatra.gov.np/egp .
4. All other conditions of the bidding process will be as per the public procurement act 2063 and public procurement regulation 2064.

**Chief Administrative Officer**

## सिद्धिचरण नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा

### निर्माण कार्य खरिद सम्बन्धी विद्युतीय बोलपत्र आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०/०६/१७)**

यस कार्यालयको लागि तपसिल बमोजिमको मालसामान तथा निर्माण कार्य विद्युतीय बोलपत्र (E–Bid) को माध्यमबाट गराउनुपर्ने भएको हुदाँ तपसिलमा उल्लेखित कार्यको लागि ईच्छुक इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट रीतपुर्वकको बोलपत्र आह्वान गरिएको छ । विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट www.bolpatra.gov.np/egp र यस कार्यालयको Website: https://www.siddhicharanmun.gov.np मा हेर्न समेत सुचित गरिन्छ साथै कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

**तपसिल**

| ठेक्का नं.: | विवरण | लागत अनुमान (मु.अ.क.बाहेक) | बोलपत्र फारम दस्तुर (फिर्ता नहुने) | जमानत रकम (ने.रु.) | बोलपत्र प्रकाशन मिति | बोलपत्र पेश गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| Work/NCB/01/080/081 | ठाडे पाल्ते वडा कार्यालय जाने सडक स्तरोन्नति (ग्राभेलिङ वर्क) | 1,11,30,556.21 | 3,000/- | 3,15,000/- | 2080/06/17 | 2080/07/17 |
| Work/NCB/02/080/081 | वृहत सिचाँई आयोजना, सिद्धिचरण नगरपालिका, ०१ तलुवा | 98,57,028.16 | 3000/- | 2,78,000/- | 2080/06/17 | 2080/07/17 |




मध्यान्ह
www.madhyanhadaily.com
१७ असोज २०८०, बुधबार
4 October 2023, Wednesday

सम्पादकीय

## देशलाई चाहिने सद्भाव

हिन्दू र मुस्लिम समुदायले एकअर्काप्रति लक्षित प्रदर्शन चर्काएपछि बाँके जिल्ला प्रशासनले नेपालगञ्जमा अनिश्चित कालका लागि कर्फ्यू लगाएको छ । प्रमुख जिल्ला अधिकारी बिपिन आचार्यले मंगलबार दिउँसो १ बजेदेखि लागू हुनेगरी नेपालगञ्ज बजार क्षेत्रमा कर्फ्यू लगाएका हुन् । प्रशासनको निर्णयअनुसार, नेपाल सेना समेत परिचालित भएका छन् । स्थानीय राजनीतिक दल, नागरिक अगुवा तथा धार्मिक गुरूहरूले समेत सद्भावका लागि अपिल गरेका छन् । नेपालगञ्जमा नागरिक अगुवाहरूले सद्भाव र्‍याली निकालेका थिए । तर धार्मिक–सामाजिक सद्भाव भड्कने संकेत पाएपछि स्थानीय प्रशासनले अनिश्चितकालीन कर्फ्यू लगाएको छ । नेपालगञ्जमा देखिएको समस्या फैलने चिन्ता अरूतिर पनि देखिएको छ । तसर्थ राजनीतिक नेतृत्व र नागरिक अगुवाहरूले सामाजिक सद्भावयुक्त सन्देश प्रवाह गरिरहेका छन् ।

यसअघि सर्लाही र धरानमा पनि यस्तै प्रकृतिको समस्या देखिएकाले चिन्ता थप बढेको अनुमान लगाउन सकिन्छ । सर्लाहीमा हिन्दू र मुस्लिम समुदायबीच झडप भएपछि कर्फ्यू नै लगाउनुपरेको थियो । धरानमा भने हिन्दू र क्रिश्चियनबीच भड्काव आउने खतरा देखिएको थियो । त्यहाँ पनि कर्फ्यूकै आवश्यकता परेको थियो । धरान र सर्लाहीपछि नेपालगञ्जमा देखिएको समस्याको कारण भने ठूलो छैन । सामाजिक सञ्जालमा देखिएको/लेखिएको टिप्पणीलाई आधार मानेर धार्मिक–सामाजिक सद्भाव भड्कन संकेत खतरा देखिएको थियो । नेपालगञ्जमा त एक युवकले लेखेको फेसबुक स्टाटसकै कारण एकअर्काविरूद्ध प्रदर्शन भयो भने सार्वजनिक सम्पत्ति तोडफोड, ढुंगामुढा जस्ता घटना भए । हिन्दूहरूले निकालेको प्रदर्शनका क्रममा सामान्य झडप समेत भयो । जसकारण सद्भावको अपिल गर्नु परेको हो ।

यी तीन घटनालाई लिएर चिन्ता हुनुमा छिमेकी मुलुक भारतको मणिपुरमा भड्किएको सामाजिक सद्भावबाट ठूलो क्षति पुगिरहेको प्रशंगले समेत काम गरेको छ । मणिपुरमा एकअर्का समुदायबीच भइरहेको प्रदर्शन र झडपका कारणले ठूलै संख्यामा मानवीय क्षति भएको छ भने प्रशासनले महिनौं लामो कर्फ्यू लगाएको छ । मणिपुरलाई अरू क्षेत्रसँग सम्बन्ध बिच्छेद समेत गरिएको छ । त्यस्तै संकट नेपालमा सर्ने डर अहिले सचेत पंक्तिमा देखिन्छ । पक्कैपनि त्यस्तो चिन्ता आवश्यकीय विषय हो । किनकि विविधताबीच एकताबद्ध बनेर सदियौंदेखि नेपाली समाज कायम छ । त्यसैले आवेगका आधारमा भइरहेको मतभेद बढेर गए त्यसबाट निम्तन सक्ने क्षति अकल्पनीय हुन सक्छ । यस्तो बेलामा सद्भावको कामना गर्नु र अर्को समुदायलाई उत्तेजित बनाउने कार्यमा संलग्न नहुनु हरेक नागरिकको दायित्व हो ।

# नेपालमा विधागत पत्रकारिता

अग्रलेख



● विनोद दुङ्गेल



समाजका घटना र जानकारीको तथ्यपूर्ण प्रस्तुतिका आधारमा समाजको ऐनाका रूपमा पत्रकारिताले काम गर्छ । यसका लागि लुकेका वा लुकाउन खोजिएका सार्वजनिक महत्वका सूचनाहरू प्रस्तुत गर्छ । त्यस्ता सूचना तथ्यपूर्ण, सन्तुलित र विश्वसनीय हुनु पूर्वशर्त हो र त्यस्ता सूचना मात्र सम्प्रेषण गर्नु पत्रकारिताको धर्म हो । समाजमा त्यस्ता सूचनाको शक्तिलाई स्वीकार र सहन नगर्ने संस्कृति पनि नभएको होइन । त्यही संस्कृतिको परिणामका रूपमा कतिपय अवस्थामा पत्रकार तथा सञ्चार माध्यममाथि भौतिक तथा मानसिक आक्रमण हुने गरेको पाइन्छ । एक महिनाभित्रै करिब एक दर्जनसम्म आक्रमणका घटना त्यस्तै अपसंस्कृतिका परिचायक हुन् ।

पत्रकारिताले मानव जीवन र जगतका विषयवस्तुलाई समाचार वा विचारका रूपमा समेट्छ, समेट्नुपर्छ । मानवीय चासोभन्दा बाहिर मिडिया छैन, जाँदैन । तर, मानिसको चासोको सीमा असीमित छ । चराचर जगतमा मात्र पनि हैन; समग्र पृथ्वी, ब्रम्हाण्ड र अनन्तसम्मै मानवीय चासो छ । जिज्ञासु मानिसको चासोका दायरा कसैले तोक्न पनि सक्दैन, सीमित परिधिभित्र कसैले रोक्न पनि सक्दैन । मानवीय उत्सुकताको जगमा टिकेको ज्ञानको खोजीसँगै पत्रकारिताको परिधि फैलँदो छ ।

त्यही जिज्ञासालाई समेट्ने नाममा तथ्यमा नपुगी वा तथ्यलाई तोडमोड गरी वा अर्ध-तथ्य प्रस्तुत गरी सनसनीपूर्ण सामग्री बनाउने र पस्किने काम पनि हुने गरेका छन् । संवेदनशील हुनुपर्ने माध्यम नै सनसनीपूर्ण भइदिएपछि परिणाम सधैँ सुखद हुन पनि सक्दैन । त्यस्ता कारणले पनि असहिष्णु मनहरूलाई थप उकासिदिन्छ । अनि, मिडियाकर्मी वा मिडियामाथि भौतिक आक्रमणसमेत भइदिन्छ । जबकी, नितान्त गलत सूचना नै सम्प्रेषण भए पनि त्यसको कानूनी उपचार खोज्ने विधि र प्रक्रिया छ ।

मानवीय अनन्त चासो र जिज्ञासालाई शान्त पार्न एउटा पत्रकारले कतिसम्म सक्ने भन्ने कुराको कुनै ठोस जवाफ छैन । जीवन, जगत र त्यसभन्दा पनि टाढाका सबै विषयलाई एउटै पत्रकारले बुझ्न र बुझाउन सक्दा पनि सक्दैन । तसर्थ, विभिन्न विधामा केन्द्रित भएर अध्ययन गर्ने र त्यसमा दक्षता हासिल गरेर समाचार संकलन गर्ने पत्रकारिताको अभ्यासको विकास भएको हो ।

जिज्ञासुका चाहनाहरूलाई सकेसम्म समेट्नका लागि नै मिडियाले पत्रकारहरूलाई विभिन्न विधाको कार्यक्षेत्र तोकेर समाचार संकलन, प्रशोधन र सम्प्रेषण गर्ने गरेका हुन् । यही अभ्यास नै विधागत पत्रकारिता हो । त्यस्ता विधामा काम गर्नका लागि थुप्रै पत्रकार कस्सिएर लागेका पनि छन् । भलै तीमध्ये कतिपयको कार्यशैली, कार्यदक्षता, आचरण र अभ्यासका मामिलामा अनेक प्रश्न उठेका छन् । ती प्रश्नको उत्तर पनि अन्ततः तिनै पत्रकारहरूसँग नै छ ।

पत्रकारिताको थालनीको युगमा समग्र विषयमा एउटै पत्रकारले कलम चलाउँथे । समयको विकाससँगै विधागत पत्रकारिताको अवधारणा पनि विकसित हुँदै आयो । पत्रकारिताको लामो इतिहास भएका मुलुकमा विधागत रिपोर्टिङको चलन पनि विकसित नै छ । बीबीसी, सिएनएनजस्ता मिडियामा वातावरण रिपोर्टिङ गर्ने वातावरणविद्, स्वास्थ्य/जनस्वास्थ्यको लागि चिकित्सक, जलवायु परिवर्तनको रिपोर्टिङ गर्ने विशेषज्ञ आदि देखिएका छन् । खेलाडीहरू खेल पत्रकार भएको उदाहरण त नेपालमै पनि छ । विधागत रिपोर्टिङ वास्तविक अर्थमा आधुनिक पत्रकारिताको शुरुवात हो । सिङ्गो पत्रकारिताकै दक्षता अभिवृद्धि गर्ने उद्देश्यले १९औं शताब्दीको अन्त्यतिर संयुक्त राज्य अमेरिकामा बीट रिपोर्टिङ थालनी भएको पाइन्छ । मेलानी म्यागिन र पिटर मौररले 'अक्सफोर्ड रिसर्च इन्साइक्लोपेडिया अफ कम्युनिकेशन'मा उल्लेख गरेअनुसार विधागत पत्रकारिता र समाचार संकलन पत्रकारिताको व्यावसायिकता र तर्क संगतताका साथै मिडियालाई सामूहिक उत्पादनमा रूपान्तरण गर्ने विषयसँग सम्बन्धित छ ।

अहिलेको चलनचल्तीको भाषामा मूलप्रवाह भनिने मिसमास पत्रकारिताको हालिमुहाली देखिए पनि नेपालमा चाहिँ पत्रकारिताको थालनी नै विधागत पत्रकारिताबाट भएको हो । करिब तीन दशकअघि २०५१ सालमा छापा पत्रकारिता सिकाउनकै लागि 'पत्रकारिता हाते किताब'को आवश्यकता महसूस गरेको नेपाली पत्रकारिता आज विधागत अभ्यासमा अघि बढिरहेको छ । जबकि पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेको करिब १३० वर्षपछि रोपिएको पत्रकारिताको बीउ नै विधागत थियो, त्यो साहित्यिक विधा थियो ।

अहिलेभन्दा ठीक २५५ वर्षअघि पृथ्वीनारायण शाहले कान्तिपुर राज्यमाथि विजय हासिल गरेको वि.सं. १८२५ असोज १३ गतेदेखि १९५५ साल साउनमा 'सुधासागर' प्रकाशित हुँदासम्मको अवधि गणनाका आधारमा १३० वर्ष भनिएको हो । १९४३ सालमा बनारसबाट नेपाली भाषाको पहिलो पत्रिका 'गोरखा भारत जीवन' निकालेको सात वर्षपछि मोतिराम भट्ट नै नेपाल फर्किएर पं. कृष्णदेव पाण्डेसँग मिली प्रेस स्थापना गरेका थिए । काठमाडौं, ठहिटीको त्यही पाशुपत प्रेसमा 'सुधासागर' साहित्यिक मासिक छापेर १९५५ साउनबाट नेपाली पत्रकारिताको शुभारम्भ भएको थियो ।

> *अहिलेको चलनचल्तीको भाषामा मूलप्रवाह भनिने 'मिसमास' पत्रकारिताको हालिमुहाली देखिए पनि नेपालमा चाहिँ पत्रकारिताको थालनी नै विधागत पत्रकारिताबाट भएको पाइन्छ । पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेको करिब १३० वर्षपछि रोपिएको पत्रकारिताको बीउ नै विधागत थियो, त्यो साहित्यिक विधा थियो ।*

रोचक पक्ष त के भने १९०८ मा जङ्गबहादुर राणाले हाते प्रेस (गिद्धे प्रेस) भित्र्याएको ४७ वर्षपछि नेपालबाट पत्रिका प्रकाशन शुरु भयो । तर, मोतीरामले स्थापना गरेको प्रेसमै १९५८ साल जेठ ३ गते पहिलो समाचारपत्रको रूपमा 'गोर्खापत्र' साप्ताहिक छापियो । यो हिसाबले अहिले सरकारी माध्यम भए पनि गोरखापत्र जनस्तरको टेकोपुँडोमा निस्केको देखिन्छ । गोरखापत्रको जन्म नेपाली साहित्यिक पत्रकारिताका प्रणेताहरूले तयार पारेको प्राविधिक पूर्वाधारमा भएको गौरव पनि विधागत पत्रकारिताले हासिल गरेको छ । पत्रकारिताकै वीजारोपण गर्ने व्यक्तिको हैसियतले मोतिराम भट्ट 'नेपाली पत्रकारिताका आदिपुरुष वा संस्थापक' नै हुन् । भलै उनलाई त्यसरूपमा खुला हृदयले सम्झिने र सम्मान गर्ने परम्पराको विकास हुनसकेको छैन । उनलाई 'युवाकवि'मा मात्र सीमित गरिएको छ । नेपाली पत्रकारिता जगतको यो कञ्जुस्याइँको कारण अहिलेसम्म सायद कसैले खोजेको पनि छैन ।

विधागत पत्रकारिताको दृष्टिले हेर्दा राजनीतिक दृष्टिकोणसहितको निजी क्षेत्रको पहिलो समाचारपत्रको इतिहास कायम गर्दै राणा शासनको अन्त्य हुनुभन्दा तीन दिनअघि हृदयचन्द्रसिंह प्रधानको सम्पादकत्वमा निस्केको 'जागरण' साप्ताहिक राजनीति-पत्रकारिताको कोसेढुङ्गो हो । वास्तविक पत्रकारिताको विकास नै २००७ सालको राजनैतिक परिवर्तनपछि शुरु भएको मानिए पनि र व्यावसायिक पत्रिकाको प्रारम्भ प्रजातान्त्रिक व्यवस्थाको थालनीसँगै भएको ठानिए पनि त्यसपछि पनि अन्यभन्दा साहित्यिक पत्रकारिता नै बढी फष्टाएको पाइन्छ । यसबाट विधागत पत्रकारितामा साहित्यकारहरूको सक्रियता झल्किन्छ ।

वि.सं. २००८ देखि २०१३ भित्र व्यापकरूपमा प्रकाशित हुन थालेका विभिन्न खाले पत्रपत्रिकाले त्यतिखेर समग्र पत्रकारिताको लोकप्रियता बढ्दै गएको संकेत गर्छन् । तर, त्यस अवधिमा समेत पत्रकारितामा साहित्यिक व्यक्तित्वहरूको रचना र उनीहरूको बाहुल्य रहेको तथ्यांक पाइन्छ । यसले पनि नेपाली पत्रकारिताको इतिहासमा साहित्यिक पत्रकारिताको वर्चस्वलाई पुष्टि गर्छ । त्यो भनेको पनि विधागत पत्रकारिताको वर्चस्वकै कुरा हो ।

विधागत पत्रकारितामा फोटो पत्रकारिताको अस्तित्व र इतिहास पनि खास देखिन्छ । गोरखापत्रले १९८४ साल वैशाख १३ गते छापेको फोटो-ब्लकबाट नेपाली छापामाध्यममा फोटो देखिन थालेको हो । यसैगरी संवाददाता राख्ने इतिहास २००० सालमा राजधानी काठमाडौंमा नगर सम्वाददाता राख्ने चलनबाट शुरु भएको र व्यंग्यचित्र अर्थात कार्टूनको थालनी २०१२ सालपछि भएको ग्रीष्मबहादुर देवकोटाले 'नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास'मा उल्लेख गरेका छन् ।

यसैगरी, नेपाली पत्रकारितामा महिलाको प्रवेश हस्तक्षेपकारी देखिन्छ । २००८ सालमा कुमारी कामाक्षी र साधना प्रधानद्वारा सम्पादित 'महिला' मासिक नेपाली पत्रकारितामा महिला प्रवेशको गौरवपूर्ण इतिहास कायम गर्दै उदाएको थियो । यो महिला बीटलाई नै पत्रकारिताको अभ्यास मान्नेहरूका लागि समेत गौरवको इतिहास हो । प्रजातन्त्रको आठ वर्षे अभ्यासपछिको २०१५ सालको निर्वाचित सरकारले दुई वर्षे उमेर पार गर्दा नगर्दै राजा महेन्द्रले पञ्चायती व्यवस्था लागू गरेपछि राजनीतिक स्वतन्त्रतासँगै प्रेस स्वतन्त्रता पनि खोसियो । फलतः पञ्चायती व्यवस्थाभरि पत्रकारिताको विकास अवरुद्ध भयो । अवरोधकै बीच पनि आर्थिक, साहित्यिक, खेलकूद, ग्रामीण, विज्ञान, प्रशासन आदि पत्रकारिताका केही अभ्यास भएको देखिन्छ ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले प्रेस स्वतन्त्रता बहाल गरेपछि दैनिक पत्रिका प्रकाशनको लहर चल्यो । त्यसपछि नै विभिन्न विधामा समाचार लेख्ने प्रचलनको प्रयोग पनि व्यापक हुँदै गयो । तर, व्यावसायिक पत्रकारिताको शुरुवातीताका रिपोर्टिङको विधा व्यवस्थित नभइसकेको र राजनीतिक समाचारले बढी प्राथमिकता पाउने गरेको त्यस पुस्ताका पत्रकारहरूलाई हेक्का छ । त्यसताका एउटै बीटमा पत्रकारले लामो समय काम गर्न नपाउने र बेला-बेलामा कार्यक्षेत्र हेरफेर भइरहने हुनाले विशिष्टीकरणको अवसर कमजोर हुनपुग्थ्यो ।

विशिष्टीकरणको महत्वलाई नै ध्यानमा राखेर प्रेस काउन्सिलमा २०६३ सालमा 'विधागत पत्रकारिता विकास उपसमिति' गठन गरिएको पाइन्छ । त्यो उपसमितिले साहित्यिक तथा अन्य विधागत पत्रकारिताको विकास र सम्बर्द्धनका लागि नीति निर्माण गरी समस्या समाधानका लागि पहल गर्ने भनिएको थियो । यद्यपि, त्यसपछिका काउन्सिलका गतिविधिहरूले के समस्या थिए र के हल गर्न के पहल गऱ्यो भन्ने खासै देखिँदैन । आमसञ्चार विकासको प्रारम्भिक चरणमा छापामाध्यममा सीमित 'प्रेस' लाई जसले, जसरी, जुनसुकै मनसुवाले अनेकार्थी, पर्यायवाची शब्द प्रयोग गरे पनि अब छायामा पार्न सहज छैन । अर्थ विस्तारसहितको 'प्रेस' शब्द समग्र पत्रकारिता क्षेत्रलाई जनाउने संकेत शब्दको रूपमा स्थापित भइसकेको छ ।

रेडियो, टेलिभिजन हुँदै अनलाइन प्रविधिसम्म विस्तार हुँदा पत्रकारिता अब रोजगारीको एक माध्यमका रूपमा मात्र सीमित छैन । नयाँ-नयाँ घटनाको संकलन, चयन र सम्प्रेषणको समग्र प्रक्रियाका रूपमा रहेको यो पेशा समसामयिक ज्ञान आदानप्रदान गर्ने व्यवसाय भएको छ । यसको सम्बन्ध समाजका हरेक जीवनसँग गाँसिएको कुरा पत्रकारहरूले नै आत्मसात गरिरहेका छन् । पत्रकारहरूको यस्तो ठहर र रहरले नै पत्रकारितालाई सामाजिक क्रियाकलापका रूपमा समाजबारे समाचार र विचारको प्रसार गर्ने व्यवसायका रूपमा स्थापित गराएको छ । त्यसै क्रममा आमसञ्चारका साधनका लागि आवश्यक कच्चा पदार्थ संकलन, प्रशोधन, उत्पादन, भण्डारण र वितरणका काम यस पेशाअन्तर्गत हुँदै आएको सादृश्य छ ।

सिसाका टुक्रा जोडेर छापामा दल्नुपर्ने प्रविधिको ठाउँमा कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स- एआई) आइसकेको मात्र हैन, अब त समाचार कक्षमै हाबी भइसकेको छ । यो युगमा मानिसले रुचिअनुरूपका जानकारी पाउने अवस्था झनझन बलियो बन्दैछ । यो सुविधाले परम्परागत पत्रकारिता वा पत्रकारिताका साधनमै मात्र दुनियाँ निर्भर रहनुपर्ने अवस्थाको अन्त्य भएको छ ।

मिडियामा भूमण्डलीकरणको परिणामस्वरूप नै नेपाली उपभोक्ताले पनि आमसञ्चारका विश्वव्यापी उत्पादनसम्म पहुँच पाएका छन् । यस्तो समयमा एउटै मिडियाबाट सन्तोषजनकरूपमा सबै विषय समेट्न सम्भव छैन । साथसाथै कुनै विधा विशेषमा केन्द्रित रहेर पत्रकारिता गर्ने सञ्चारमाध्यमलाई पनि अरुभन्दा छिटो र पृथक स्वाद पस्कनुपर्ने बाध्यता बढ्दै गएको अनुभव पत्रकारहरूले गरिरहेका छन् । यो नेपालको मात्र नभएर दुनियाँकै पत्रकारिताको अनुभवको एक अंश हो । यसरी साहित्यको जगमा विधागत अभ्यास र त्यसको जगमा मिसमास पत्रकारिता गर्दै आजको युगमा आइपुगेको नेपाली पत्रकारिताको अबको दशा र दिशा सुधार्न भने पत्रकारहरूले मात्र गर्ने चिन्ता पर्याप्त छैन । बरु यसमा पूँजी लगानीकर्ता, विभिन्न प्रकारका श्रम लगानीकर्ता, सरकार, आमसञ्चार विज्ञलगायतका सबै सरोकारवालाहरूले सक्रिय चासो देखाउनु जरुरी छ ।

## सामाजिक सञ्जाल



**- सुर्यराज आचार्य**

अब कुरो प्रष्ट हुँदैछ । नेपालमा राजनीतिक परिवर्तन देश/जनताको पक्षमा डेलिभरी दिने सोच/योजनाका साथ भएका रहेनछन्, सिर्फ पुरानो सत्ता भत्काएर आफूँ आसिन हुने र सत्तामा बसेर मुलुक तन्नम हुने गरी आफ्नो, परिवारको र दलका आसेपासेको स्वार्थ पूर्ति गर्नु नै वरिष्ठ/कनिष्ठ नेतागणको नियत देखियो ।



**- डम्मर खतिवडा**

कम्युनिस्टहरूको ओली गुटलाई पूर्वराष्ट्रपतिहरुले खाए/नखाएको कत्रो चिन्ता ? यतिका वर्ष ठूल्ठूला पदमा बसेर तलब भत्ता लिएका, सरकारी निवास पाएका पेन्सन खाने भोकै तिर्खै परे, जनता टन्न अघाएका छन् हैन ? जनताको त यिनलाई बालै मतलब छैन, जनता चरम आर्थिक संकटबीच बाँचिरहेको थाहै छैन, हैन ?



**- गोपिनाथ मैनाली**

सामाजिक सद्भावलाई खलल पुग्ने विचार अभिव्यक्तिको माध्यम सामाजिक सञ्जाल नबनाऔं । समाज विविधताको पुञ्ज हो, धेरै खाले स्वभाव, संस्कार, संस्कृति, सामर्थ्य, अवस्थालगायत विविधतालाई बुझ्ने, महत्व दिने, सम्मान गर्नाले समावेशी र सभ्य समाज निर्माण गर्न सकिन्छ । प्रत्येकप्रति प्रत्येक जवाफदेही बनौं ।



**- अक्षर काका**

बाजुराका भूकम्प पीडित आठ महिनादेखि त्रिपालमुनि छन्, पुनर्स्थापना त के राहतसम्म पनि पाएका छैनन् । आज बझाङमा धक्का दिएको छ । असोजे झरीले गाँजेका बेला अस्थायी बासको प्रबन्ध चुनौतीपूर्ण छ । सरकारलाई त कुर्सी जोगाउनकै ध्याउन्न छ । मुलुकका समस्या एकातिर राजनीति अर्कातिर हुँदा भाउन्न छुट्ने ।

# आबादकर्ता र भूमिमाथिको अधिकार

विचार



● ज्योतिलाल वन

> *आबादकर्ताका सन्तानमध्ये कतिपयको स्वामित्वमा कत्ति पनि भूमि छैन भने कतिपयसँग अत्यन्त न्यून छ । यी सबै पाखा पखेरा वा उर्वरताहीन ऐलानी पर्तिमा खेती गरेर, तीनै सामन्तका सन्तानको केही जग्गामा बटैया ठेक्का गरेर र तिनैकोमा बनिबुतो गरेर जीवनयापन गर्न विवश छन् ।*

भूमि कसैको अविष्कार होइन, यो प्रकृतिप्रदत्त प्राकृतिक सम्पदा हो । तथापी यसको स्वामित्वको अधिकारी त्यो हुनुपर्थ्यो, जसले यसलाई आवाद गरेर उत्पादनयोग्य बनायो र जसले उत्पादन गर्दै छ । तर बिडम्बना, आवाद र उत्पादनमासमेत सहभागि नरहेका कथित ठालु (पहिले दासस्वामी र पछि सामन्त)हरुले आवाद र उत्पादनकर्ताहरुबाट यसलाई खोसे, खोस्नेहरु भूस्वामी बने र खोसिनेहरु खोस्नेहरुको आदेश, निर्देशअनुसार कृषि उत्पादनका उपकरण बने । खोस्नेहरुले पहिले तिनलाई दास र भूदास बनाए, पछि कृषिबाँधा श्रमिक बनाए । कानूनतः बाँधा श्रमप्रथा खारेज गरिए पनि नेपालको कृषिक्षेत्रमा कतिपय बाध्यकारी श्रमप्रणाली अहिले पनि जारी नै रहेको पाउन सकिन्छ ।

समय अगाडी बढ्यो, राजनीतिक व्यवस्थाहरु फेरिँदै आए । यतिबेला नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण हुन पुगेको छ । तर, यो देशको उर्वर भूमिमा भने अहिले पनि विगत सामन्तका नवसंस्करणहरु कै स्वामित्व यथावत कायम छ ।

विगत सामन्तका सन्तानहरुमध्ये कतिपय समाजवादको आदर्श छाँट्ने कथित नेता बनेका छन् भने कतिपय ठूला हाकिम, ठूला व्यापारी-व्यवसायी, न्यायमुर्ति, ठेकेदार आदिमा विकास भएका छन् । यसरी राज्यसत्ताको सम्पूर्ण संयन्त्रमा यिनिहरुकै हालिमुहाली र नियन्त्रण कायम छ । राज्यढुकुटीको साँचो यस्ताहरुकै सर्कलमा रहेको हुन्छ । जनताबाट उठाइने राजश्व र विदेशी दाताहरुले दिएको ऋण तथा अनुदानरूपी महको घारमा हाल्ने हात यस्तैहरुको हुन्छ । यस्ता हातहरुले मह काड्दा झण्डै आधा मह आफ्नै हातमा लत्पत्याउछन् र बेस्सरी चाट्छन् ।

यसरी चाट्ने क्रममा यिनले करोडौं हजम गर्छन् । यिनका लागि भूमी नगन्य स्रोत हो, तर बढीजसो उर्वरक भूमिमा समेत यिनिहरुले नै आफ्नो हालिमुहाली कायम राखेका छन् । अनेक हिंस्रक वनजन्तु तथा औलोलगायत नाना खाले महामारीसँग जुध्दै, जङ्गल र पटेर घारीहरु फाँडेर जमिन आवाद गर्ने क्रममा अनेकौं पुर्खाहरुले अकालमै ज्यान गुमाए, अपाङ्ग बने, रोगग्रस्त भएर कष्टपूर्ण अवस्थाको सामना गर्दै जीवन व्यतित गरे । तर यसरी आवाद गरेको भूमि आफ्नो स्वामित्वमा रहन पाएन, धुर्त सामन्तहरुले जफत गरे । सामन्तहरुको स्वामित्वमा पुगेको जमिनमा खेती गरी तिनिहरुको ढुकुटी भरिदिने फेरी पनि तिनै भूआबादकर्ताका सन्तान बने ।


आबादकर्ताका यी सन्तानहरुमध्ये कतिपयको स्वामित्वमा कत्ति पनि भूमि छैन, कतिपयसँग अत्यन्त न्यून छ । यी सबै पाखा पखेरा वा उर्वरताहीन पङ्खर ऐलानी पर्तिमा खेती गरेर, तीनै विगत सामन्तका सन्तानको केही जग्गामा बटैया ठेक्का गरेर र तिनैकोमा बनिबुतो गरेर जीवनयापन गर्न विवश छन् ।

कस्तुरीले आफ्नै नाभीको बिना नचिनेझैं यिनले पनि आफ्नो महत्व आफैले बुझेका छैनन् । तिनै विगत सामन्तका सन्तानहरुलाई आफ्ना पुर्खाले आवाद गरिदिएको र आफूले पसिना बगाएर खेती गरिरहेको भूमिको मालिक ठान्छन् । आफूलाई तिनै लुटेरा सामन्तका सन्तानको दया मायामा बाच्ने निरिह पात्र ठान्छन् ।

राज्यसत्ताको डाडु पन्यौं आफ्नो हातमा लिन सफल रहेका विगत सामन्तका सन्तान वा तिनका हिमायतिहरुले यी कृषि श्रमिकहरुको यस्तो अनभिज्ञता र निरिहतालाई बुझेका छन् । त्यसैले तिनले यिनलाई दयामाया देखाएर ३/४ रोपनी वा ४/५ कट्ठा कुनै पाङ्खर ऐलानी/पर्ति जग्गा टाँसो लगाएर आफूलाई महान दाता सावित गर्दै उर्वरक भूमिको ठूलो हिस्सामा कब्जा जमाइरहेका विगत सामन्तका सन्तानहरुको दीर्घकालीन हित संरक्षण गर्नमा तल्लीन रहेका छन् । कथित राष्ट्रिय भूमि आयोगको गतिविधि त्यसैको परिचायक बनिरहेको छ । जुन परिवर्तन विरोधी अर्को कदम हो ।

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष | धेरै लाभको कामना गर्नु हुँदैन । सकारात्मक सोच राख्नुपर्छ । |
| वृष | घरेलू जिम्मेवारीमा वृद्धि हुनेछ । यात्रा सफल हुनेछ । |
| मिथुन | दैनिक जीवन सुखी रहनेछ । विरोधी सक्रिय रहनेछन् । |
| कर्कट | आर्थिक कार्यहरुमा अनुकूल प्रगति हुनेछ । यश बढ्नेछ । |
| सिंह | व्यापारिक पक्ष सुदृढ हुनेछ । कृषिजन्य कार्यमा लाभ मिल्नेछ । |
| कन्या | नाता-गोतासँग मनमुटाव रहन्छ । हतारमा कुनै निर्णय नलिनु होला । |
| तुला | सम्मानमा वृद्धि हुनेछ । पैतृक सम्पत्ति प्राप्तिको योग छ । |
| वृश्चिक | नयाँ कार्यमा सावधानी राख्नुहोला । प्रियजनसँग भेट हुनेछ । |
| धनु | स्वास्थ्य राम्रो रहनेछ । सुख समृद्धिमा वृद्धि हुनेछ । |
| मकर | पैतृक सम्पत्ति प्राप्तिको योग छ । उत्साह बढ्नेछ । |
| कुम्भ | खानपानमाथि सन्तुलन राख्न जरुरी छ । वैदेशिक यात्रा सफल हुनेछ । |
| मीन | धेरै लाभको कामना गर्नु हुँदैन । नयाँ योजनाहरु तय हुनेछन् । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरु)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

# गुल्मीबाट २ वर्षमा ६ हजार बढी घरपरिवार बसाइँ सरे



सुमन महतारा/मध्यान्ह
गुल्मी, १६ असोज

गुल्मीमा आर्थिक वर्ष २०७८/०७९ र ०७९/०८० मा बसाइँसराइ दर बढेको छ। गुल्मीबाट दुई आर्थिक वर्षमा ६ हजार १ सय ५७ घरपरिवारले बसाइँसराइ गरेका छन् । आइतबार सदरमुकाम तम्घासको जिल्ला समन्वय समितिमा सञ्चालन भएको जिल्ला सभामा जिल्लामा सञ्चालन भएका विभिन्न विकास योजना, कृषि, व्यापार, रोजगार, मोटरबाटो, खानेपानीलगायत जिल्लामा रहेका विभिन्न संघ संस्थाको प्रगति विवरको समीक्षा भएको थियो। समीक्षा कार्यक्रममा जिल्लामा बसाइँसराइको अवस्था र यसको रोकथाम तथा नियन्त्रणका लागि के गर्न सकिन्छ भन्ने विषयमा पनि छलफल भएको थियो । छलफलमा अधिकांश स्थानीय तहहरुले पहिलाभन्दा अहिले बसाइँसराइ रोकिएको र त्यहीअनुसारका कार्यक्रम ल्याउने बताए। पहाडी जिल्लाबाट बसाइँसराइ गरी तराई झर्नेको संख्या बढ्दै गर्दा स्थानीय सरकारले बसाइँसराइ रोक्न सक्ने केही कार्यक्रम भने नल्याएको होइन । बसाइँसराइ नियमित प्रक्रिया भएका कारण पनि बसाइँसराइ पूर्णरुपमा नरोकिएपनि केही मात्रामा भने अघिल्लो आर्थिक वर्ष ०७८/०७९ भन्दा केही मात्रामा घटेको छ । अघिल्लो आर्थिक वर्षमा जिल्लाबाट ३ हजार ३ सय १४ घरपरिवारले बसाइँसराइ गरे भने गत आर्थिक वर्षमा २ हजार ८४३ घरपरिवारले बसाइँसराइ गरेका छन् । अघिल्लो आर्थिक वर्ष भन्दा गत वर्ष झण्डै ४ सय ७१ घरपरिवार कम बसाइँसराइ गरेको तथ्यांकमा उल्लेख छ ।

जिल्लाको रेसुङ्गा नगरपालिकाले शिक्षा, स्वास्थ्य र पर्यटनको क्षेत्रमा विशेष प्याकेजका कार्यक्रमहरु समेत कार्यान्वयनमा ल्याएको छ । नगरपालिकाले स्वास्थ्यतर्फ गुल्मी अस्पतालमा विशेषज्ञ डक्टर राख्न प्रोत्साहन भत्ता उपलब्ध गराएको छ। त्यस्तै शिक्षाको क्षेत्रमा एसईईमा उत्कृष्ट अंक ल्याएर जिल्लामै पढने विद्यार्थीलाई नगद रकमसहित सम्मान गर्दै आएको छ । पर्यटनको क्षेत्रमा 'जाउ हिँड रेसुङ्गा' अभियान नै सञ्चालन गरेको छ। नगरपालिकाले बाँको जग्गामा खेती अभियान शुरु गरेको छ। युवाहरुलाई उद्यमी बन्नका लागि विभिन्न किसिमका तालिमहरु पनि नगरपालिकाले गर्दै आएको छ। यी कार्यक्रमले बढ्दो बसाइँसराइलाई रोक्नका लागि धेरै काम गर्ने अपेक्षा रहेको रेसुङ्गा नगरपालिकाका नगरप्रमुख खिलध्वज पन्थीले बताए । उनले पछिल्लो समय रेसुङ्गा नगरपालिकाबाट बसाइँसराइ गर्नेहरुको दर कम हुँदै गएको बताए । विशेषगरी मानिसहरु शिक्षा, स्वास्थ्यका कारणले बसाइँसराइ गर्ने गरेको पाइएकाले ती क्षेत्रमा नगरपालिकाको विशेष प्याकेजका कार्यक्रमहरु सञ्चालनमा रहेको नगरप्रमुख पन्थीले भनाइ छ।

बसाइँसराइ गर्नेमा सबैभन्दा बढी मुसिकोट नगरपालिकाका नागरिक छन् । ०७८/०७९ मा १ हजार ८२ र ०७९/०८० मा ८ सय ६९ गरी मुसिकोट नगरपालिकाबाट दुई वर्षमा १ हजार ९ सय ५१ घरपरिवारले बसाइँसराइ गरेका छन्। त्यस्तै दोस्रोमा सबैभन्दा बढी बसाइँसराइ गर्ने रेसुङ्गा नगरपालिकाका नागरिक रहेका छन्। रेसुङ्गा नगरपालिकामा०७८/०७९ मा ५ सय १५ र ०७९/०८० मा ३ सय ९७ गरी दुई वर्षमा ९ सय १२ घरपरिवारले बसाइँसराइ गरेका छन्।

त्यस्तै जिल्लाको कालिगण्डकी गाउँपालिकामा दुई आर्थिक वर्षमा ३ सय ९४ घरपरिवारले बसाइँसराइ गरेका छन्। ०७८/०७९ मा २ सय ८ घरपरिवार र ०७९/०८० मा १ सय ८६ घरपरिवारले बसाइँसराइ गरेको गाउँपालिकाले बताएको छ । त्यस्तै जिल्लाको सत्यवती गाउँपालिकामा ०७८/०७९ मा १ सय ९० र २०७९/०८० मा २ सय ४५ गरी २ वर्षमा ४ सय ३५ घरपरिवारले बसाइँसराइ गरेका छन् । चन्द्रकोट गाउँपालिकामा ०७८/०७९ मा २ सय ४० र ०७९/०८० मा १ सय ५९ गरी दुई आर्थिक वर्षमा ३ सय ९९ घरपरिवारले बसाइँसराइ गरेका छन् । रुरुक्षेत्र गाउँपालिकामा ०७८/०७९ मा १ सय ५१ र ०७९/०८० मा १ सय ३५ गरी २ सय ८६ घरपरिवारले बसाइँसराइ गरेको गाउँपालिकाले बताएको छ । छत्रकोट गाउँपालिकामा ०७८/०७९ मा ३ सय २४ र ०७९/०८० मा २ सय ५६ गरी ५ सय ८० घरपरिवारले बसाइँसराइ गरेका छन्। गुल्मीदरबार गाउँपालिकामा ०७८/०७९ मा १ सय ५९ र ०७९/०८० मा १ सय २८ गरी २ सय ८७ घरपरिवारले बसाइँसराइ गरेका छन्।

धुर्कोट गाउँपालिकामा ०७८/०७९ मा १ सय २९ र ०७९/०८० मा १ सय २१ गरी दुई आर्थिक वर्षमा २ सय ५० घरपरिवारले बसाइँसराइ गरेका छन्। इस्मा गाउँपालिकामा ०७८/०७९ मा १ सय १८ र ०७९/०८० मा १ सय १५ गरी दुई आर्थिक वर्षमा २ सय ३३ घरपरिवारले बसाइँसराइ गरेका छन् । मदाने गाउँपालिकामा ०७८/०७९ मा ९६ र ०७९/०८० मा १ सय २४ गरी दुई वर्षमा २ सय २० घरपरिवारले बसाइँसराइ गरेका छन् । त्यस्तै जिल्लाको मालिका गाउँपालिकामा ०७८/०७९ मा १ सय २ र ०७९/०८० मा १ सय ८ गरी दुई वर्षमा २ सय १० घरपरिवारले बसाइँसराइ गरेको मालिका गाउँपालिका उपाध्यक्ष उपेन्द्र अर्यालले बताए। मालिका गाउँपालिका जिल्लामै सबैभन्दा कम बसाइँसराइ गर्ने स्थानीय तह हो। जिल्लामा माथि उल्लेखित तथ्यांकमा भन्दा बसाइँसराइ बढी छ। कयौं घरपरिवार बसाइँसराइ गरे पनि समस्या पर्दा आउने गाउँ नै हो भन्ने उद्देश्यले बसाइँसराइ कागजपत्र नबनाउने हुँदा बसाइँसराइ तथ्यांकमाभन्दा बढी रहेको स्थानीय मालिका-५ छापाछिलका कृष्ण गिरी बताउछन्। उनी आफैं अहिले बुटवलमा घर बनाएर बसेको ५ वर्ष भयो तर उनले अझै पनि बसाइँसराइ कागजपत्र बनाएका छैनन्।

## मध्यबिन्दु नगरपालिका नवलपरासी (ब.सु.पू) द्वारा हक दावी सम्बन्धी ३५ दिने प्रकाशित सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०६/१७

मध्यबिन्दु नगरपालिका वडा नं ६ नवलपरासी (ब.सु.पू) निवासी खड्पा महतोको नाति बिफला महतोको छोरा नन्दलाल महतोको नाउँमा कायम रहेको साबिक तम्सरिया गा.बि.स. वडा नं १/ख कित्ता नं ३३ क्षेत्रफल ०-१०-१४ को जग्गा धनि प्रमाण पुर्जा तत्कालिन देवचुली साझा संस्था लि. साबिक तम्सरिया वडा नं ६ को चलानी नं १६५ मिति २०४७/८/६ पत्रले मालपोत कार्यालय नवलपरासीमा जग्गा रोक्का देखिन आएको हुनाले हाल सम्म रोक्का रहेको र उक्त जग्गा धनि प्रमाण पुर्जाबाट बैंक तथा वित्तिय संस्था, सहकारी संस्था कहीँबाट कति पैसा ऋण लिएको थियो र लिएको भए तिर्नुपर्ने रकम चुक्ता भए नभएको आधिकारिक प्रमाण फेला नपरेको हुनाले हाल उक्त देवचुली साझा संस्था लि. साबिक तम्सरिया ६ हाल संचालनमा नरहेको र त्यसका संचालक समेत सम्पर्कमा नभएकोले नन्दलाल महतोसँगबाट असुल गर्न वा लिनुपर्ने रकम भएमा सम्बन्धित सरोकारवालालाई हकदावी सम्बन्धि आधिकारिक प्रमाण सहित सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र मध्यबिन्दु नगरपालिकाको कार्यालय चोरमारा, वडा नं ६ को कार्यालय हर्दिया र वडा नं ८ को कार्यालय भाग्गामा निवेदन पेश गर्नुहुन हकदावी सम्बन्धि सूचना प्रकाशन गरिएको छ। अन्यथा जग्गा धनी प्रमाण पूर्जा फुकुवाला लागि सम्बन्धीत निकाय मा मालपोत कार्यालय कावासोतीमा सिफारिस गरिने जानकारी गरिन्छ।


## साउदीमा रोजगार

कम्पनी : ELITE EPOCH GENERAL CONTRACTING COMPANY
पूर्व स्वीकृत मितिः २०८०/०६/१६ चलानी नं.: ६०२०८५८० L.T. No.: 293381 शहरः JEDDAH

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Spray Painter | 4 | 0 | स. काममा दक्ष | 1200 | ४२४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० असोज २४ गते (11 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

EQUATOR INTERNATIONAL (P.) Ltd.
LIC. NO. 746/064/065
कार्यालयः गोंगबु चोक, काठमाडौं, नेपाल Tel No: 014986469 / 014986470
Mob. No: 9851096808, 98510-34986, 9851011886
Email: equator746@gmail.com | Website: www.equatorintl.com



## यूएईमा रोजगारको अवसर

कम्पनीः EVA BTS MARKETING SERVICE VIA SOCIAL MEDIA CO. शहरः UAE
पुर्व स्वीकृत मितिः २०८०/०६/१० चलानी नं.: ६०२०८६१३ L.T. No.:292336

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Commercial Sales Representative | 4 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ९०,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Filling Clerk | 1 | 0 | | 1500 | ५४,१३५ | | | | | | | |
| 3. | General Manager | 1 | 0 | | 4500 | १६२,४०५ | | | | | | | |
| 4. | Marketing Specialist | 1 | 0 | | 2500 | ९०,२२५ | | | | | | | |
| 5. | Office Clerk | 3 | 0 | | 1500 | ५४,१३५ | | | | | | | |
| 6. | Office Manager | 1 | 0 | | 3500 | १२६,३१५ | | | | | | | |
| 7. | Purchasing Representative | 3 | 0 | | 2000 | ७२,१८० | | | | | | | |
| 8. | Sales Superviser | 3 | 0 | | 2000 | ७२,१८० | | | | | | | |
| 9. | System Analyst | 1 | 0 | | 2000 | ७२,१८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज २४ गते (11 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

Guideline Recruitment Service Pvt. Ltd.
Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 01-5908045, Mob.: 9861197501 | 9814221631
Email: reception.guideline@gmail.com, Web: www.guidelinerecruitment.com



## मलेसियामा रोजगार

कम्पनीः MAXMASTER INDUSTRY SDN.BHD. शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८०/०१/१५ चलानी नं.: ६०२००८३० LT. No.: 285369 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 22 | 0 | स. काममा दक्ष | 1500 | ४२,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता म्यानपावर कार्यालय काठमाडौंमा २०८० असोज २४ गते (11 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

H.R. International Employment Services Pvt. Ltd.
(SCM MANPOWER COMPANY PVT. LTD.)
Gov. Lic No. 247/058/059
G.P.O. Box. No. 8974, CPC 203, Gairidhara-01, Kathmandu, Nepal
Tel:- 01-4521336, 4528508, Mob :- 9808750742, 9801009400, 9803473935, 9801128811, 9807756822
Email: hrintl2016@gmail.com / info@hrinter.com, Website: www.hrinter.com



## साउदीमा रोजगार

कम्पनीः AL-KHALDI LOGISTICS COMPANY शहरः DAMMAM
पुर्व स्वीकृत मितिः २०८०/०२/२२ चलानी नं.: ६०२०२६२१ L.T. No.: 287233 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 6 | 0 | स. काममा दक्ष | 1800 | ६३,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः BADAA CONSTRUCTION GENERAL CONTRACTING शहरः Riyadh
पुर्व स्वीकृत मितिः २०८०/०१/२५ चलानी नं.: ६०२०११६३ L.T. No.: 285676 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | loading And Unloading Worker | 3 | 0 | | 1000 | ३५,३५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा मिति २०८० असोज २४ गते (11 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- कामदारले तिर्ने |

INNOVATIVE HUMAN RESOURCE DEVELOPMENT PVT. LTD.
श्रम इजाजत नं. ८१५/०६६/०६७
Kupondole, Lalitpur, Tel.: Tel : 01-5180193, 01 5430829, 9851065591
9851243720 | Fax: 01-5530829, Email: innovative815@gmail.com



## साइप्रसमा रोजगार

कम्पनीः CYPRUS RECRUITMENT SERVICES LTD शहरः CYPRUS
पूर्व स्वीकृत मितिः २०८०/०२/३२ चलानी नं.: ६०२०३२०१ LT. No.: 288030 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Employee | 0 | 6 | स. काममा दक्ष | 885 | १२३५९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० असोज २४ गते (11 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

KALINCHOK H. R. PVT. LTD.
License No.: 1406/074/075
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal
Tel: 014980649, 9801081748, 9801179844, 9851093878, 9851136852, Email: info@kalinchokhr.com.np



## साउदी र यूएईमा रोजगार

कम्पनीः VIGEN COMPANY LIMITED शहरः JEDDAH
पुर्व स्वीकृत मितिः २०८०/०६/१६ चलानी नं.: ६०२०८५८२ L.T. No.: 293396

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 52 | 0 | स. काममा दक्ष | 1000 | ३५३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः FAHAM INTERNATIONAL FZE शहरः DUBAI
पुर्व स्वीकृत मितिः २०७९/११/८ चलानी नं.: ६०१९६८७१ L.T. No.:281380 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helper | 22 | 0 | स. काममा दक्ष | 900 | ३२४८१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज २४ गते (11 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | साउदीको रु. १०,०००/- यूएई को नि:शुल्क |

Lulu International Pvt. Ltd.
Govt. Lic. No. 1035/072/073
Kathmandu-26, Samakhusi, Tel: 4950151 | 4951637
Mob. : 9851083549 | 9802087028 | 9818065184



## Qatar र MALAYSIA मा रोजगारको अवसर

कम्पनीः AL MAWED FOR CLEANING & MAINTENANCE शहरः DOHA
पूर्व स्वीकृत मितिः २०८०/०६/१६ चलानी नं.: ६०२०८५९२ LT. No.:293449

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 0 | 17 | स. काममा दक्ष | 1000 | ३६,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनीः DUYONG FAMILY STORE SDN.BHD. शहरः JALAN
पूर्व स्वीकृत मितिः २०८०/०६/१६ चलानी नं.: ६०२०८५९३ LT. No.:293408

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Rack Filler | 5 | 0 | स. काममा दक्ष | 1500 | ४२,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २४ गते (11 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

BLUE OCEAN RECRUITMENT PVT. LTD.
श्रम इजाजत नं. ११६३/०७३/०७४
NEW BANESHWOR, KATHMANDU, TEL: 4476215, 4491772 | | Email: info@blueoceanmanpower.com, recruitmentocean111@gmail.com | Web : blueoceanmanpower.com



## साउदीमा रोजगार

कम्पनीः BRANCH OF ETIMAD HUMAN RESOURCES COMPANY शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०३/११ चलानी नं.: ६०२०३८०४ L.T. No.:288521 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 23 | 0 | स. काममा दक्ष | 1000 | ३५३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAED INTERNATIONAL FOR ISTIGDAM शहर : KSA
पूर्व स्वीकृत मितिः २०८०/०६/१६ चलानी नं.: ६०२०८५७९ LT. No.: 293387

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३८८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Shelving Filler | 5 | 0 | | 1300 | ४५९५५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २४ गते (11 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

Amity Global Employment Services Pvt. Ltd.
Ranibari Marg,Samakhusi 26,Kathmandu, Tel : 4970366, 4970466
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com



## कुवेतमा रोजगार

कम्पनीः SHAWARMA AND GRILL FOODSTUFF GENERAL TRADING CO शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/०६/१६ चलानी नं.: ६०२०८५७० LT. No.:293377

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/waitress | 30 | 10 | सम्बन्धित काममा दक्ष | 120 | ५१,४५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 10 | 0 | | 120 | ५१,४५९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २४ गते (11 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

AAYUSH OVERSEAS PVT. LTD.
Govt.Lic.No. 1341/074/075
Sinamangal-09, Kathmandu | Tel: 01-4112559, 4112586
Email: aayushoverseas123@gmail.com | Web: www.aayushoverseas.com.np



## मलेसियामा रोजगार

कम्पनीः PERCETAKAN IMAGE VEST SDN BHD शहरः JALAN
पूर्व स्वीकृत मितिः २०८०/०६/१६ चलानी नं.: ६०२०८५६७ LT. No.:. 293404

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 15 | 0 | स. काममा दक्ष | 1500 | ४२,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज २४ गते (11 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | मलेसियामा रोजगारको लागि उमेर कति ? |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क | १८ वर्ष भन्दा माथि |

वि. एस. ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ५४०/०६१/०६२
पो.ब.नं.: १५१४२, सामखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.: ०१-४९६३३५८, ०१-४९८७४०२, ०१-४३६४४१०
E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@ gmail.com
website: www.bsoverseasnepal.com.np
ISO 9001 : 2015 CERTIFIED Regd No : 19313/A/001/En



## साउदीमा रोजगारको अवसर

कम्पनीः FALCON BUSINESS ESTABLISHMENT FOR TRANSPORTATION शहरः JEDDAH
पूर्व स्वीकृत मितिः २०८०/०६/१५ चलानी नं.: ६०२०८६११ L.T. No.:293386

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 7 | 0 | स. काममा दक्ष | 1800 | ६३,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज २४ गते (11 October 2023) मा हुनेछ ।

कम्पनीः LAND OF INJAZAT PROJECTS FOUNDATION शहरः DAMMAM
पूर्व स्वीकृत मितिः २०८०/०६/१२ चलानी नं.: ६०२०८४४४ L.T. No.:293270

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 12 | 0 | स. काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता ड्रिम इन्टरनेशनल होटेल बुटवल रुपन्देही २०८० असोज २४ गते (11 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.
श्रम इजाजत नं. ५७३/०६२/०६३
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
नेपाल फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१, फ्याक्सः ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np



## कतारमा रोजगार

कम्पनीः SEAGULL CONTRACTING CO.W.L.L. शहरः DOHA
पूर्व स्वीकृत मितिः२०८०/०६/१६ चलानी नं.: ६०२०८५८६ LT. No.:293399

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 2 | 0 | | 1200 | ४३६३२ | | | | | | | |
| 3. | Electrician (Gen) | 1 | 0 | | 1200 | ४३६३२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज २४ गते (11 October 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

C.D. Human Resources Pvt. Ltd.
Gov. Lic. No. 1048/073/74
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Mobile :984238673, 9801081253, 9801081255, 9801081252, 9851094766, 9801081247, 9823187308, 9827934073



## SAUDI मा रोजगार

कम्पनीः GAS ARABIAN SERVICES SAUDI JOINT STOCK COMPANY शहरःDAMMAM
पूर्व स्वीकृत मितिः २०८०/०३/२९ चलानी नं.: ६०२०४७०६ L.T. No.: 289263 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 15 | 0 | स. काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः GAS ARABIAN SERVICES शहरःRIYADH
पूर्व स्वीकृत मितिः २०७९/१०/०९ चलानी नं.: ६०२०१७०५ L.T. No.: 280061 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
